नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

सबैलाई साथमा लिएर महाधिवेशन सफल बनाइने

समाचार पृष्ठ ५ मा



वर्ष ४ · अंक १५४ · २०८३ साल वैशाख १० गते बिहीबार · Thursday 23, April 2026 · सूर्योदय: बिहान ०५:३६ बजे · सूर्यास्त: साँझ ०६:३२ बजे · पृष्ठ ८ · मूल्य रु. ५/-

## २६ दिनमै 'सुधन शो'को विवादित पटाक्षेप

## सरकार बनेको १ महिना भित्रै दोश्रो मन्त्रीको पद चैट !



**मधेशदृष्टि**
**जनकपुरधाम।**
विवादित व्यवसायी दीपक भट्टको कम्पनीमा आफ्नो सेयर रहेको विषय सार्वजनिक भएसँगै चौतर्फी आलोचना खेपिरहेका गृहमन्त्री सुधन गुरुङले अन्ततः पदबाट राजीनामा दिएका छन् । छोटो तर अत्यन्तै आक्रामक कार्यशैलीका कारण चर्चामा आएका गुरुङले 'नैतिकता पदभन्दा ठूलो' भएको तर्कसहित पद त्याग्दै छानबिनका लागि मार्गप्रशस्त गरेको बताएका छन्।

राजीनामापत्रमार्फत उनले पछिल्ला दिनमा आफ्नो सम्पत्ति, सेयर र आर्थिक संलग्नताबारे उठेका प्रश्नलाई गम्भीर रूपमा लिएको उल्लेख गर्दै निष्पक्ष अनुसन्धान सुनिश्चित गर्न पद छाडेको स्पष्ट पारेका छन्। 'जनविश्वासभन्दा ठूलो शक्ति केही हुँदैन' भन्दै उनले पदमा रहँदा स्वार्थको द्वन्द्व (कन्फ्लिक्ट अफ इन्टरेस्ट) नहोस् भन्ने उद्देश्यले यो निर्णय लिएको बताएका छन्।

गुरुङको कार्यकाल केवल २६ दिनको भए पनि त्यो अवधिमा उनी निरन्तर 'एक्सन मोड'मा देखिए । १३ चैतमा पद सम्हालेको साँझ नै प्रहरी प्रधान कार्यालय पुगेर दुई प्रहरी महानिरीक्षकसँग रातभर छलफल गर्नु, त्यसकै भोलिपल्ट उच्च तहका व्यक्तिहरूको पक्राउ प्रक्रिया अघि बढाउनु उनको कार्यशैलीको सुरुआती संकेत थियो।

उनको निर्देशनमा विभिन्न हाइप्रोफाइल व्यक्तिहरूलाई पक्राउ गर्ने श्रृङ्खला नै चल्यो । पूर्वमन्त्रीदेखि प्रदेश सांसद, उच्च प्रशासनिक अधिकारी र ठूला व्यवसायीहरू अनुसन्धानको घेरामा परे । सम्पत्ति शुद्धीकरण, बालश्रम शोषण तथा आन्दोलन दमनजस्ता आरोपमा धमाधम पक्राउ गरिएका ती व्यक्तिहरूमध्ये धेरैजसो पछि अदालतबाट रिहा भए। यही कारण गुरुङले सार्वजनिक रूपमा न्यायालयप्रति असन्तुष्टि व्यक्त गर्दै 'पक्राउ गरेर ल्याए पनि अदालतले छाडिदिन्छ' भन्ने टिप्पणी गरेका थिए।

उनको यो अभिव्यक्तिले समेत बहस निम्त्यायो—के कार्यपालिका र न्यायपालिका बीचको सन्तुलनबारे गृहमन्त्री सचेत थिएनन् भन्ने प्रश्न उठ्यो।

गुरुङको कार्यशैलीलाई केहीले दृढता र सक्रियताको उदाहरण माने भने केहीले 'हतारो र प्रक्रियामाथि दबाब'का रूपमा आलोचना गरे । प्रहरी संगठन, सशस्त्र प्रहरी र विपद् व्यवस्थापन क्षेत्रमा उनले देखाएको सक्रियता उल्लेखनीय मानिए पनि, निर्णय प्रक्रियामा पर्याप्त कानुनी आधार र समन्वयको अभाव रहेको टिप्पणी पनि आयो।

यसबीच उनले प्रहरी पोसाक स्वदेशमै उत्पादन गर्ने, आईजीपी नियुक्ति प्रणालीमा परिवर्तन गर्ने, सशस्त्र प्रहरीलाई हेलिकप्टर उपलब्ध गराउने जस्ता महत्वाकांक्षी योजना अघि सारेका थिए । विपद् व्यवस्थापनमा उनको सक्रियता झल्किने गरी वर्षा सुरु भएपछि मध्यरातमै सुरक्षा प्रमुखहरूसहित उद्धार गणमा पुग्नुजस्ता गतिविधि सार्वजनिक भएका थिए।

तर यिनै सक्रियता र आक्रामक कदमबीच उनको व्यक्तिगत सम्पत्ति विवरण विवादको केन्द्र बन्यो। सेयर लुकाएको, ऋण नदेखाएको र विवादित व्यापारीसँग सम्बन्ध जोडिएको आरोप लागेपछि उनी रक्षात्मक अवस्थामा पुगे । यही विषयले अन्ततः उनको बहिर्गमनको बाटो तय ग¥यो।

पूर्वगृहसचिव चण्डीप्रसाद श्रेष्ठले गुरुङको कार्यशैलीलाई 'काम गर्ने इच्छाशक्ति देखिएको' भन्दै सकारात्मक रूपमा मूल्याङ्कन गरे पनि केही निर्णयहरूमा हतारो भएको स्वीकार्छन् । सुरक्षा मामिलाका जानकारहरू भने गृहमन्त्रीको भूमिकाभन्दा बाहिर गएर प्रत्यक्ष रूपमा सुरक्षा संयन्त्र सञ्चालन गर्न खोजिएको आरोप लगाउँछन्।

राजीनामापछि गुरुङको कदमलाई धेरैले जिम्मेवार र स्वागतयोग्य भन्दै व्याख्या गर्न थालेका छन् । यसले भविष्यमा मन्त्री चयन गर्दा पृष्ठभूमि, आर्थिक पारदर्शिता र नैतिक विश्वसनीयतामा ध्यान दिनुपर्ने सन्देश दिएको विश्लेषकहरूको भनाइ छ।

अन्ततः, छोटो कार्यकालमै तीव्र गतिमा अघि बढेका गुरुङको राजनीतिक यात्रा अहिलेका लागि रोकिएको छ । तर उनले उठाएका प्रश्न—न्याय प्रणालीको प्रभावकारिता, उच्च तहमा पारदर्शिता र नैतिक जिम्मेवारी—भने अझै खुला नै छन्।

**पद जोगाउने असफल प्रयास**

रास्वपा सभापति रवि लामिछानेसँग मंगलबार दुईपटकको भेटवार्तामा गृहमन्त्री सुधन गुरुङको प्राथमिक एजेन्डा स्पष्ट थियो—आफ्नो पद जोगाउने । तर दिनभरि भएका राजनीतिक संवाद र दबाबबीच अन्ततः उनको बहिर्गमनको बाटो तय भयो।

प्रधानमन्त्री बालेन शाहसँगको छलफलमा गुरुङले छानबिन समिति बनाएर आफ्नो सम्पत्तिको स्रोत खुलाउने प्रस्ताव अघि सारेका थिए । उनी छानबिनबाट निष्कर्ष आएपछि मात्रै निर्णय लिनुपर्ने अडानमा देखिए । तर सरकारभित्र भने सुशासनको सवालमा कुनै सम्झौता नगर्ने धारणा बलियो बन्दै गएको थियो।

यसअघि श्रममन्त्री दीपक साहलाई १३ दिनमै पदमुक्त गरिएको घटनाले समेत गुरुङमाथि मानसिक दबाब थपेको थियो। स्वास्थ्य बीमा बोर्डमा आफ्नै श्रीमतीलाई नियुक्त गराएको आरोप लागेपछि साहलाई स्पष्टीकरणको पर्याप्त अवसर नै नदिई हटाइएको थियो । त्यही उदाहरण अगाडि राख्दै गुरुङमाथि पनि 'डबल स्ट्यान्डर्ड' नहोस् भन्ने दबाब बढ्दै गयो।

गुरुङको सम्पत्ति विवरण सार्वजनिक भएसँगै विवाद चर्किएको थियो । उनले देखाएको सयौं रोपनी जग्गा, ठूलो मात्रामा सुन र करोडौंको लगानीको स्रोत स्पष्ट नखुल्दा प्रश्न उठ्यो । अझ दुई माइक्रोइन्स्योरेन्स कम्पनीमा रहेको करिब ५० लाख बराबरको संस्थापक शेयर विवरणमा उल्लेख नगरेको विषयले कानुनी र नैतिक दुबै बहस जन्मायो।

लिबर्टी माइक्रोलाइफ इन्स्योरेन्स र स्टार माइक्रोइन्स्योरेन्समा २५–२५ हजार कित्ता शेयर रहेको खुलासा भएपछि 'किन लुकाइयो ?' भन्ने प्रश्न थप पेचिलो बन्यो। गुरुङले पछि ती शेयर ऋण लिएर खरिद गरेको दाबी गरे पनि सम्पत्ति विवरणमा त्यसको स्रोत फरक रूपमा उल्लेख गरिएको पाइयो । यसले उनको विश्वसनीयतामाथि थप धक्का पु¥यायो।

पार्टीभित्र केही नेताहरू गुरुङलाई अझै समय दिनुपर्ने पक्षमा थिए । उनको आक्रामक कार्यशैलीले छोटो समयमै राजनीतिक तरंग ल्याएको तर्क पनि उठेको थियो । तर त्यही शैलीले अस्थिरता निम्त्याउन सक्ने चेतावनीसमेत बढ्दै गएको थियो।

प्रधानमन्त्री निकट स्रोतका अनुसार, गुरुङ स्वयं छानबिन समिति बनाएर अघि बढ्न चाहन्थे, तर सरकारको 'शून्य सहनशीलता' नीतिअनुसार पदमै बसेर छानबिन गर्नु उपयुक्त नहुने निष्कर्ष निकालियो । अन्ततः उनलाई मार्गप्रशस्त गर्न सुझाव दिइयो, जुन उनले स्वीकार गरे।

सुरुमा सामाजिक सञ्जालमार्फत स्पष्टीकरण दिने प्रयास गरेका गुरुङको पक्षमा पार्टीभित्र औपचारिक छलफलसमेत हुन सकेन । यसले उनको राजनीतिक समर्थन कमजोर हुँदै गएको संकेत दिएको थियो।

सुशासनको नारासहित उदाएका गुरुङ स्वयं अपारदर्शी सम्पत्तिको विवादमा तानिएपछि उनको राजीनामा आएको हो । उनले नैतिकताको आधारमा पद त्यागेको बताएका छन्, तर उनको सम्पत्ति र त्यसको स्रोतबारे राज्यले थप अनुसन्धान गर्ने सम्भावना अझै खुला नै छ।

## खुला सीमाको जोखिमः

## तब्लिगी जमातको गतिविधि बढ्दा सुरक्षा चिन्ता गहिरिँदै



**मधेशदृष्टि**
**वीरगंज।**
भारतसँगको खुला सीमाबाट करिब ४० किलोमिटर भित्र पर्ने नेपालमा पछिल्ला दिनहरूमा तब्लिगी जमातका गतिविधि तीव्र बन्दै गएपछि सुरक्षा चिन्ता बढ्न थालेको छ । विशेषगरी मधेस प्रदेश का विभिन्न जिल्लामा धार्मिक जमघट विस्तार हुँदै जाँदा सुरक्षा निकायले निगरानी कडा बनाएका छन्।

आगामी अप्रिल २०२६ मा बारा जिल्ला अन्तर्गत जीतपुर–सिमरा उपमहानगरपालिका–२४ हरपुर बलुवामा तीन दिने ठूलो इस्लामिक सम्मेलन (इज्तिमा) गर्ने तयारी तीव्र छ । उक्त कार्यक्रममा नेपालसँगै भारत, पाकिस्तान र बंगलादेशबाट ठूलो संख्यामा सहभागी आउने सम्भावना व्यक्त गरिएको छ, जसले सुरक्षा व्यवस्थापनलाई थप संवेदनशील बनाएको छ।

सुरक्षा विज्ञहरूका अनुसार तेस्रो मुलुकका नागरिकको उपस्थितिले यस्ता कार्यक्रमलाई थप जटिल बनाउँछ । खुला सीमा व्यवस्थाका कारण आवतजावत सहज हुने भएकाले सम्भावित अवाञ्छित गतिविधि रोक्न अग्रिम सूचना संकलन र कडा निगरानी अपरिहार्य भएको उनीहरूको भनाइ छ। विशेषगरी सीमावर्ती क्षेत्रमा सुरक्षा सतर्कता बढाउन सुझाव दिइएको छ । यसअघि सन् २०१९ मा सप्तरी जिल्लाको बोदेबरसैनमा आयोजना गरिएको 'आलामी तब्लिगी इज्तिमा'पछि तराई–मधेस क्षेत्रमा साम्प्रदायिक तनाव बढेको विश्लेषण सार्वजनिक भएको थियो । त्यतिबेला करिब तीन लाखभन्दा बढी मुस्लिम समुदायको उपस्थिति रहेको र विदेशी सहभागिता नियन्त्रण गर्न विशेष सुरक्षा संयन्त्र परिचालन गरिएको थियो।

सुरक्षा स्रोतका अनुसार बंगलादेश र पाकिस्तानबाट हरेक वर्ष साना समूहमा तब्लिगी जमातका सदस्य नेपाल प्रवेश गरी मस्जिद र मदरसामा बस्दै धार्मिक प्रचार गर्ने गरेका छन् । यस्ता गतिविधिले सामाजिक सद्भावमा असर पार्न सक्ने आशंकासहित निगरानी बढाइएको छ। हालै बंगलादेशबाट आएको आठ सदस्यीय टोली विभिन्न जिल्लामा पुगिसकेको र बारा इज्तिमामा सहभागी हुने तयारीमा रहेको बताइएको छ। त्यस्तै, भारतबाट मौलाना सादको नेतृत्वमा अर्को समूह आउने सम्भावना पनि जनाइएको छ।

नेपालमा सन् १९८५ देखि सक्रिय इस्लामी संघ (आईएसएन) अन्तर्गत विभिन्न धार्मिक समूहहरू प्रचारमा संलग्न छन्। यद्यपि, यस्ता गतिविधि केवल धार्मिक अभ्यासमै सीमित छन् वा त्यसले सुरक्षा चुनौती निम्त्याउँछ भन्ने विषयमा बहस अझै जारी छ। सुरक्षा निकायले कार्यक्रम शान्तिपूर्ण रूपमा सम्पन्न गराउन आवश्यक सबै तयारी अघि बढाइरहेको जनाउँदै विदेशी सहभागिता, खुला सीमा र विगतका अनुभवलाई ध्यानमा राख्दै उच्च सतर्कता अपनाइएको स्पष्ट पारेका छन्।

## 'इज्तिमा' मा विदेशी नागरिक प्रवेशमा कडाई गर्न माग



**वीरगंज।**
विश्व हिन्दू परिषद् नेपालले बारामा आयोजना हुन लागेको मुस्लिम समुदायको धार्मिक भेला 'इज्तिमा' मा विदेशी नागरिकहरूको सहभागिताले राष्ट्रिय सुरक्षामा चुनौती थप्ने भन्दै त्यसमा कडाइ गर्न माग गरेको छ। परिषद्ले बुधबार जिल्ला प्रशासन कार्यालय बारा र पर्सामा छुट्टाछुट्टै ध्यानाकर्षण पत्र बुझाउँदै विशेषगरी तेस्रो मुलुकका नागरिकहरूको अवैध प्रवेश तथा सहभागिता रोक्न प्रशासनको ध्यानाकर्षण गराएको हो।

बारामा सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराई र पर्सामा प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई परिषद्ले ज्ञापनपत्र बुझाएको जनाएको छ। आगामी वैशाख ११ देखि १४ गतेसम्म बाराको जितपुर–सिमरा उपमहानगरपालिका–२४ हरपुरमा आयोजना हुन लागेको उक्त धार्मिक भेलामा पाकिस्तान, बङ्गलादेशलगायत देशबाट सहभागी आउने तयारी रहेको सूचनाप्रति परिषद्ले आपत्ति जनाएको छ।

ध्यानाकर्षण पत्रमा धार्मिक भेलाको आवरणमा छिमेकी राष्ट्र तथा अन्य तेस्रो मुलुकबाट अवैध रूपमा विदेशीहरू नेपाल प्रवेश गर्ने र लुकिछिपी बस्ने जोखिम रहेको उल्लेख गरिएको छ। यस्ता गतिविधिले राष्ट्रिय सुरक्षा संयन्त्रमा असर पर्न सक्ने परिषद्को भनाइ छ। विशेषगरी बङ्गलादेश र म्यानमारबाट आएका रोहिङ्ग्या समुदायका व्यक्तिहरूले यस्ता कार्यक्रमको फाइदा उठाउँदै नेपाल प्रवेश गर्न सक्ने सम्भावनाप्रति सचेत रहन प्रशासनसँग आग्रह गरिएको छ।

नेपाल–भारत सीमा क्षेत्रको संवेदनशीलतालाई दृष्टिगत गर्दै परिषद्ले अवैध विदेशी घुसपैठ नियन्त्रण गर्न तथा साम्प्रदायिक सद्भाव कायम राख्न आवश्यक कदम चाल्न माग गरेको छ। साथै विदेशी सहभागीहरूको कडाइका साथ छानबिन तथा नियन्त्रण गर्नुपर्ने उल्लेख गरिएको छ।

## मधेश प्रहरी नेतृत्वको असुली 'नेटवर्किङ्ग' !



**हरिशंकर शर्मा**
**वीरगंज।**
मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक (डीआईजी) गोविन्द थपलियामाथि तस्करसँग संगठित रूपमा 'महिनावारी असुली' गराउने नेटवर्क सञ्चालन गरेको गम्भीर आरोप सार्वजनिक भएको छ।

सामाजिक सञ्जालमा फोनकल अडियो रेकर्डसहित विभिन्न विवरण बाहिरिएपछि यस विषयले सुरक्षा निकायभित्रै ठूलो तरंग पैदा गरेको छ।

सार्वजनिक भएका दाबीहरू अनुसार, डीआईजी थपलियाले आफ्ना निकट मानिएका बरिष्ठ सई गोपाल थापा मगरको नेतृत्वमा मधेश प्रदेशका आठवटै जिल्लामा तल्लो दर्जाका प्रहरी कर्मचारी परिचालन गर्दै सीमा नाकाबाट हुने तस्करीबाट नियमित रकम असुली गर्ने 'संरचित प्रणाली' बनाएको आरोप लगाइएको छ । ती विवरणहरूमा विभिन्न जिल्लामा कार्यरत केही प्रहरी कर्मचारीलाई 'कमाण्डर' जस्तै जिम्मेवारी दिइएको दाबी गरिएको छ।

आरोपअनुसार, मधेश प्रदेशका विभिन्न सीमा नाकाहरूमा तस्करी नियन्त्रणको नाममा उल्टै तस्करसँग महिनावारी रकम असुली गर्ने प्रणाली लामो समयदेखि सञ्चालनमा रहेको बताइएको छ । सामाजिक सञ्जालमा फैलिएका अडियो रेकर्ड तथा विवरणहरूले यो नेटवर्क उच्च तहसम्म जोडिएको दाबी गरेका छन्।

सार्वजनिक विवरणमा उल्लेख भएअनुसार, बरिष्ठ सई गोपाल थापा मगरलाई डीआईजी थपलियाको 'विश्वासिलो पात्र' भन्दै प्रदेशभर असुली संयन्त्रको प्रमुख समन्वयकर्ताको रूपमा प्रस्तुत गरिएको छ । त्यसैगरी, बरिष्ठ सई जयलाल यादवलाई सिरहा र सप्तरी जिल्लामा तस्करी र असुली कार्यको जिम्मेवारी दिइएको आरोप छ।

त्यस्तै, रोशन अधिकारी नामका बरिष्ठ सईले सर्लाही क्षेत्रमा, योगेन्द्र थापाले रौतहट क्षेत्रमा र विजय महतोले बारा जिल्लामा तस्करसँग रकम असुलीको कमाण्ड सम्हालेको दाबी गरिएको छ। पर्सा जिल्लामा बरिष्ठ सई लोकेन्द्र पंडित सक्रिय रहेको उल्लेख गर्दै विभिन्न तहमा 'ब्याजमेट' र 'विश्वासिलो नेटवर्क' तयार पारिएको आरोप लगाइएको छ।

यसैगरी, केही कनिष्ठ प्रहरी कर्मचारीहरूलाई समेत सहायक भूमिकामा प्रयोग गरिएको दाबी सार्वजनिक भएको छ । तीमध्ये प्रहरी सहायक हवल्दारदेखि असईसम्मका कर्मचारीलाई समेत विभिन्न जिल्लामा परिचालन गरिएको आरोप छ । आरोप अनुसार, सम्पूर्ण संयन्त्रको केन्द्रमा डीआईजी थपलियाको निर्देशन वा संरक्षण रहेको भन्दै उनलाई यस कथित नेटवर्कको 'मुख्य संरक्षक' को रूपमा चित्रित गरिएको छ।

सार्वजनिक अडियो र विवरणहरू सामाजिक सञ्जालमा व्यापक रूपमा फैलिँदै गएपछि सुरक्षा निकायको भूमिकामाथि गम्भीर प्रश्न उठ्न थालेका छन् । स्थानीय स्तरमा भने यसले प्रहरी प्रशासनप्रतिको विश्वासमा समेत असर पारेको देखिएको छ। सुरक्षा विश्लेषकहरूका अनुसार यदि यस्ता आरोपहरू सत्य सावित भएमा यो केवल व्यक्तिगत बदनामीको विषय मात्र नभई समग्र प्रहरी संरचना र सीमावर्ती सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्नचिन्ह बन्न सक्ने देखिन्छ।

# नेपाल पत्रकार महासंघ सप्तरीमा बेथिति विरुद्ध धर्ना

**मधेशदृष्टि**
**सप्तरी।**
नेपाल पत्रकार महासंघ सप्तरी शाखामा बेथिति, मनोमानी र अपारदर्शी कार्यशैलीको आरोप लगाउँदै जिल्ला सहसचिव कृष्णकुमार मण्डलले धर्ना सुरु गरेका छन् । बुधबारदेखि उनले महासंघको मूलगेटमै धर्ना दिँदै ८ बुँदे माग अघि सारेका छन्।

मण्डलका अनुसार कार्यसमितिका सचिवले केही महिनाअघि नै राजीनामा दिइसके पनि 'सिण्डिकेट' कायम राख्न उक्त राजीनामा स्वीकृत नगरिएको छ । उनले सचिव पदसम्बन्धी अन्योल तत्काल अन्त्य गरी औपचारिक निर्णय सार्वजनिक गर्न माग गरेका छन्।

उनका अन्य मागमा नयाँ सदस्यता पारदर्शी, निष्पक्ष र मापदण्डअनुसार वितरण गर्नुपर्ने, सल्लाहकारहरूको नाम आधिकारिक रूपमा समावेश गर्नुपर्ने र महासंघभित्रका गतिविधि खुला गर्नुपर्ने समावेश छन्।

मण्डलले नेतृत्वको मनोमानीविरुद्ध आवाज उठाउँदा आफूलाई सहसचिवको हैसियतमा कार्यसमिति बैठकमा सहभागी हुनबाट वञ्चित गरिएको आरोपसमेत लगाएका छन् । यस्तै, पत्रकारहरूको हकहित, सुरक्षा र क्षमता विकासका कार्यक्रम सञ्चालन, आर्थिक गतिविधि तथा आय–व्यय सार्वजनिक गर्नुपर्ने, नियमित साधारणसभा र सदस्यता नवीकरण गर्नुपर्ने तथा विधानको पूर्ण पालना हुनुपर्ने माग उनले अघि सारेका छन्।

माग पूरा नभएसम्म धर्ना जारी राख्ने चेतावनी मण्डलले दिएका छन् । उता शाखाका अध्यक्ष श्रवणकुमार देवले उठाइएका विषयमा छलफल भइरहेको प्रतिक्रिया दिएका छन्।


## धितो लिलामी गर्ने बारे १५ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८३/०१/१० गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले सिमरा शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा तरताकेता साथै मिति २०७९/०१/१३ गते नागरीक दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना तथा मिति २०८१/०६/०७ गते मधेशदृष्टि राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम गर्ने बारे ३५ दिने सूचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ती यस बैंक आफैले गैह्र बैकिङ्ग सम्पत्तीको रुपमा सकार गरी लिने व्यहोरा समेत सम्बन्धीत सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ती लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धीत ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**संस्थाको नाम : फलदायिक बचत तथा ऋण सहकारी संस्था लि ।** **रजिष्टर्ड ठेगाना : अमाव-१, बारा ।**
**हालको ठेगाना : कोल्हबी नगरपालिका-११, बारा** **दर्ता नं: ०९/०७२/७३**

**संचालक तथा जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **१) नाम : राजीव प्रसाद चौधरी (अध्यक्ष जमानीकर्ता)**<br>बुवा : अमिरका प्रसाद चौधरी<br>बाजे : रामसुरत चौधरी<br>ना प्र नं.: ३३१००१/१०४७०<br>ठेगाना : अमाव-१, बारा | **५) नाम : आनन्द धामी (संचालक उपाध्यक्ष)**<br>बाबु : माया राम प्रसाद चौधरी<br>बाजे : छठु धामी<br>ना.प्र.नं: ३३१००१/७३८<br>ठेगाना : अमाव-१, बारा |
| **२) नाम : प्रितम लाल दास (सचिव जमानीकर्ता)**<br>बुवा : विरेन्द्र लाल दास थारु<br>बाजे : जचु दास<br>ना.प्र.नं : ३३-०१-७१-०५०१९<br>ठेगाना : अमाव-१, बारा | **६) नाम : विवेक चौधरी (संचालक सदस्य)**<br>बाबु : केदारनाथ प्रसाद चौधरी<br>बाजे : छठु राय<br>ना.प्र.नं : ३३१००१/३२४७७<br>ठेगाना : अमाव-१, बारा |
| **३) नाम : मिरा चौधरी (कोषाध्यक्ष जमानिकर्ता)**<br>बाबु : टेकन हुईदार थारु<br>बाजे : पोसन हुईदार थारु<br>ना.प्र.नं : ३३३००१/८५<br>ठेगाना : अमाव-१, बारा | **७) नाम : राजा राम चौधरी (संचालक सदस्य)**<br>बाबु :विरनाथ चौधरी<br>बाजे : बुधन चौधरी<br>ना.प्र.नं : ३३१००१/३९११५<br>ठेगाना : अमाव-३, बारा |
| **४) नाम : चतुर्धन चौधरी (सदस्य जमानिकर्ता)**<br>बाबु : मेजन चौधरी<br>बाजे : आसमन चौधरी<br>ना.प्र.नं : ३३१००१/५२९<br>ठेगाना : अमाव-१, बारा | |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

श्री महावीर चौधरी थारुको नाति श्री पलट चौधरी थारुको छोरा बारा जिल्ला विसुनपुर्वा गा.वि.स. वडा नं. ०१, विसुनपुर्वा बस्ने श्री **रामदेव चौधरी थारु**को नाममा मालपोत कार्यालय कलैया, बारामा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला विसुनपुर्वा गा.वि.स. वडा नं.१ को कित्ता नं. ३३२ र ३८३ को क्षेत्रफल क्रमश : ०-६-० र ०-२-० जग्गा र सो जग्गाले चर्चेको लिग लिगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु :**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु.५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा Kumari Bank Ltd. पुतलीसडक, काठमाण्डौंमा रहेको खाता नं.**००१०००१४८६६००००१** मा जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै सिमरा शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ती आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणी, धितोधनीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा व्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले १५ दिन भित्र बोलपत्र सम्बन्धित शाखा कार्यालय वा केन्द्रिय कार्यालयमा पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय सिमरामा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश गर्ने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोबालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि, ऋणी र धितोधनीहरुको रोहवरमा खोलिने छ । उक्त समयमा सम्बन्धीत ऋणी तथा धितोधनीलाई समेत उपस्थीतीको लागि जानकारी गराईन्छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति, नीजको प्रतिनिधि, ऋणी तथा धितोधनी बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web : www.ncbl.coop


# लहान नगरपालिकाद्वारा मुसहर बस्तीमा आवास निर्माण

**सिरहा ।**
सिरहाको लहान नगरपालिका–२१ कालाबञ्जरस्थित हुरी प्रभावित मुसहर समुदायका लागि नगरपालिकाले पक्की घर निर्माण गरिदिने भएको छ । गत शनिबार साँझ आएको विनाशकारी हुरीले घरको छाना उडाउनुका साथै भौतिक क्षति पुर्याएपछि बिचल्लीमा परेका परिवारका लागि नगरपालिकाले सुरक्षित आवासको व्यवस्था गर्न लागेको हो ।



नगरपालिकाले 'ह्याबिट्याट फर ह्युमानिटी' सँगको साझेदारीमा २१ नयाँ सुरक्षित घर निर्माण गर्ने र फुसको छाना उडेका सातवटा घरमा जस्तापाता लगाउने गरी आवास व्यवस्थापनको योजना अघि बढाएको छ ।

यसै सन्दर्भमा नगरप्रमुख महेशप्रसाद चौधरीले मङ्गलबार प्रभावित बस्तीको स्थलगत निरीक्षण गर्दै केही साताभित्रै निर्माण सुरु गर्नेगरी प्राविधिकहरूले नापजाँचको काम थालिसकेको जानकारी दिए ।

निरीक्षणका क्रममा नगरप्रमुख चौधरीले भने, "नगरवासीको सुरक्षित बसोबास, शिक्षा र स्वास्थ्य हाम्रो मुख्य प्राथमिकता हो ।

वातावरणमैत्री पक्की घर बनेपछि यहाँका नागरिकलाई प्राकृतिक विपद्को समयमा सधैँका लागि ढुक्क हुनेछ ।" यसअघि यहाँका पीडित घरपरिवारलाई नगरपालिकाको तर्फबाट राहत वितरण गरिसकेको उनले जानकारी दिए ।

नगरपालिकाले भूमिहीन तथा सुकुम्बासी परिवारको दीर्घकालीन व्यवस्थापनका लागि दोस्रो चरणमा थप ५०० वटा घर निर्माण गर्ने योजना अघि सारेको छ । सुकुम्बासी परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने रणनीतिअनुसार प्राथमिकताका आधारमा यो योजना कार्यान्वयन गरिने नगरप्रमुखले बताए ।

गत शनिबारको हुरीले लहान–२४ मा जनता आवास कार्यक्रमअन्त्रगत निर्माण भएका सात र वडा नं. १९ मा एक स्थानीयको घरमा समेत क्षति पुर्याएको थियो । सोही हुरीका कारण सखुवानन्कारकट्टी गाउँपालिका–२ मक्रमपुरमा घरको पर्खाल भत्किँदा ६० वर्षीया किसुनवती यादवको मृत्यु भएको थियो । रासस

# शून्य प्रतिनिधित्वपछि मधेशको अबको बाटो

**अनिल महासेठ ।**
प्रतिनिधि सभा निर्वाचन ०८२ मा मधेश केन्द्रित दलहरूको प्रतिनिधित्व शून्यमा झरेपछि मधेसको राजनीतिले अनेक प्रश्नको सामना गर्नु परिरहेको छ ।

मधेसको राजनीतिमा नेता र नारा परिवर्तनको बहस सधैँ महत्त्वपूर्ण रहँदै आएको छ । समयक्रममा नेता परिवर्तन स्वाभाविक हो । समाजले आफ्ना प्रश्नहरूको जवाफ खोज्दै नयाँ नेतृत्व तय गर्छ ।

तर नारा परिवर्तन भने विचारधारा, उपलब्धि र असफलताको समीक्षापछि मात्र प्रभावकारी हुन्छ । अहिले मधेसी दलहरूको प्रतिनिधित्व शून्यमा झरेको हालको निर्वाचन परिणामले यो प्रश्नलाई अझ तीव्र बनाएको छ । के मधेसले आफ्ना ऐतिहासिक मागहरू पूरा गरिसकेको छ ? के पुराना नाराहरू– आत्मसम्मान, समान प्रतिनिधित्व, अधिकार सम्पन्न संघीयताको सान्दर्भिकता सकिएको हो ? वा नयाँ नारा तय गर्नुपर्ने बेला आएको हो ?

केही महत्त्वपूर्ण प्रश्नहरूलाई आधार बनाएर मधेसको वर्तमान अवस्था, उपलब्धि, असफलता र भविष्यको दिशा विश्लेषण गर्न सकिन्छ । हाल मधेसको राजनीतिमा अझै अनुत्तरित ६ प्रश्न छन् । यी महत्त्वपूर्ण अनुत्तरित प्रश्नबारे आलेखमा चर्चा गरिनेछ ।

१. आत्मसम्मानको मागः बालेन पाएपछि सकियो ?
मधेस आन्दोलनको मूल मर्म नै पहाडिया खस अहङ्कार एकल नश्लीय वर्चस्वबाट मुक्ति र आत्मसम्मान थियो । तर ०७२को संविधानपछि पनि मधेसी पहिचान बोकेको कुनै नेता प्रधानमन्त्री बनेनन् । केही मधेसी नेताहरू उपप्रधानमन्त्री, मन्त्री बने तर 'मधेसी प्रधानमन्त्री' को प्रतीकात्मक माग अझै अधुरै थियो । हालको निर्वाचनमा मधेसी दल शून्य भए पनि राष्ट्रिय दलहरूबाट मधेसी सांसदहरू चुनिएका छन् ।

तर तिनीहरूको भूमिका व्यक्तिगत भन्दा दलगत रहन्छ । इतिहासमै पहिलो पटक मधेसी समुदायका नागरिक प्रधानमन्त्री बनेका छन् । यसले प्रतीकात्मक दृष्टिले मधेसी समुदायको एउटा मनसाय पुरा भएको छ तर केवल यसले आत्मसम्मान बढेको भन्ने होइन ।



आत्मसम्मान केवल प्रधानमन्त्रीको कुर्सीमा सीमित छैन, यो दैनिक जीवन व्यवहार, भाषा, संस्कृति र अवसरमा झल्किन्छ । त्यसैले यो माग प्रतीकात्मक मात्र होइन, संरचनागत बनाइनु पर्छ ।

**२. समान प्रतिनिधित्वः जनसङ्ख्याको आधारमा पूरा भयो ?**
संविधानले समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरेको छ । तर सङ्घीय संसद्, प्रदेश सभा, निजामती, सेना, प्रहरी र न्यायालयमा मधेसी जनसङ्ख्याको अनुपात अनुसार प्रतिनिधित्व अझै अपुग छ । ०७८ को जनगणनाअनुसार तराई–मधेसमा बस्ने जनसङ्ख्या ५० प्रतिशत बढी र मधेसीको (मधेसी दलित र आदिवासी बाहेक) ३१ प्रतिशत छ, तर उच्च पदहरूमा मधेसीको उपस्थिति न्यून छ ।

निर्वाचन आयोगको तथ्यांकअनुसार हालैका स्थानीय र प्रदेश निर्वाचनमा समानुपातिक कोटा कार्यान्वयनमा ढिलासुस्ती देखिन्छ । यो माग पूरा भएको होइन, तर आरक्षणले केही प्रगति गरेको छ । अबको आवश्यकता भनेको मेरिटसँगै समावेशिताको सन्तुलन हो, जसले मधेसी युवालाई क्षमता विकासमा जोड दिन्छ ।

३. अधिकार सम्पन्न संघीयताः ग्यारेन्टी भयो ?
०७२ को संविधानले सङ्घीयता ल्यायो, तर प्रदेशहरूलाई पर्याप्त अधिकार दिइएन । मधेस प्रदेशले आफ्नो बजेट, कानुन निर्माण र कर्मचारी व्यवस्थापनमा केन्द्रीय हस्तक्षेप झेलिरहेको छ । २२ बुँदे र ८ बुँदे सम्झौतामा उल्लेखित 'प्रदेशलाई स्वायत्तता दिने' भन्ने धारा अझै कार्यान्वयनमा छैन । सिमाङ्कन सच्याइएको छैन ।

राजस्व बाँडफाँड, प्रहरी तथा प्रशासनिक अधिकार केन्द्रमा केन्द्रित छन् । निर्वाचनमा मधेसी दल शून्य हुँदा सङ्घीयताको मर्मलाई कमजोर बनाएको छ । यो माग पूरा भएको होइन । अबको सङ्घीयता कागजी मात्र होइन, व्यवहारिक र आर्थिक बनाउनुपर्छ ।

**४. नागरिकता विहीनको अवस्था अन्त्य भयो ?**
०७२ पछि नागरिकता विधेयकमा संशोधन भयो । तर ०८० को नागरिकता ऐनले पनि केही समस्या समाधान गर्न सकेन । विशेष गरी मधेसी महिलाको वैवाहिक नागरिकता, भारतीय सीमा क्षेत्रका नागरिक र जन्मसिद्ध नागरिकताका मुद्दा अझै अदालतमा छन् । कतिपय मधेसी परिवारले अनागरिकको पीडा भोगिरहेका छन् । यो मुद्दा कानुनी मात्र होइन, मानवीय हो । शून्य प्रतिनिधित्वले यो मुद्दालाई थप कमजोर बनाएको छ ।

**५. ऐतिहासिक आन्दोलनका मुद्दा के भए ?**
बेदानन्द झाले ००७ सालदेखि तराईको हकअधिकार उठाए । गजेन्द्रनारायण सिंहले सद्भावना परिषद् मार्फत भाषा, संस्कृति र प्रतिनिधित्वको माग गरे । ०६४ को पहिलो र दोस्रो मधेस आन्दोलनले सङ्घीयता, ०७२ को तेस्रो आन्दोलनले संविधान संशोधन र समावेशिताको आधार तय गरे, यद्यपि संशोधन हुन् सकेन ।

भएको उपलब्धि पनि कार्यान्वयनमा ठुलो खाडल छ । भाषा नीति, सीमा सुरक्षा, शिक्षा र स्वास्थ्यमा मधेसी समुदायको पहुँच अझै अपुग छ । आन्दोलनले सवाल स्थापित गर्‍यो तर समाधान पूरा दिएको छैन ।

**६. सम्झौताहरू पूरा भए ?**
०६४ को ८ बुँदे र ०६५ को २२ बुँदे सम्झौतामा सङ्घीयता, समानुपातिक प्रतिनिधित्व, नागरिकता, सीमा सुरक्षा र आर्थिक विकास उल्लेख छन् । यीमध्ये सङ्घीयता र केही समावेशिता विकृत ढङ्गले लागू भए पनि बाँकी ८० प्रतिशतभन्दा बढी कार्यान्वयन हुन सकेनन् । हालको शून्य प्रतिनिधित्वले यी सम्झौतालाई थप कमजोर बनाएको छ ।

यी ६ वटा प्रश्नको जवाफ स्पष्ट छ– मधेसका मूल मागहरू आंशिक रूपमा पूरा भएका छन् तर पूर्ण रूपमा पुरा हुन बाँकी नै छ । पुराना नाराले जनतालाई उत्साहित पार्न सकेन । निर्वाचन परिणामले देखाएअनुसार जनताले क्लिसे नारा भन्दा आफ्नो जीवन व्यवहारमा परिवर्तन चाहेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले विकास, रोजगारी र सुशासनको वाचासँगै सङ्घीयता कायम हुने, अधिकार माग्न काठमाडौँ जान नपर्ने जस्ता सरल र बुझिने एजेन्डा अगाडी सारेर मधेसी मत कब्जा गरे । मधेसी दलहरू आन्तरिक कलह, प्रादेशिक सरकार केन्द्रित भ्रष्टाचारको आरोप र काठमाडौँ केन्द्रित राजनीतिले जनताबाट टाढिए ।

**मधेसको नारा के हुनुपर्छ ?**
पुराना नाराहरू जस्तै आत्मसम्मान र सङ्घीयता, समावेशीले ऐतिहासिक योगदान त दियो तर अब तिनले पर्याप्त बहस सृजना गर्न सक्दैनन् । मधेस प्रदेशमा सडक, सिँचाइ, विद्युत्, शिक्षा र स्वास्थ्यको अभाव छ भन्ने जनताले देखेकै छन् । बेरोजगारीले युवा विदेश पलायन भइरहेका छन् । प्रदेश सरकारको प्रफरमेन्स राम्रो छैन । यसैले नयाँ नारा हुनुपर्छ । 'समृद्ध मधेस, सक्षम संघीयताः विकास, सुशासन र आत्मनिर्भरता' भन्ने नारा हुन सक्छ ।

नयाँ पुस्ताको नेतृत्वः मधेसलाई टेक्निकल होइन आफ्नै पहिचानसहितको बालेन चाहिन्छ । जसले सडक, पानी, बिजुली र रोजगारीको मुद्दा उठाउँछ, न कि पहिचान मात्रको । युवा, शिक्षित र प्राविधिक पृष्ठभूमिका नेतृत्वलाई प्रोत्साहन दिनुपर्छ । प्रदेश केन्द्रित राजनीतिः सङ्घीय संसद्मा शून्य भए पनि मधेस प्रदेश सभालाई बलियो बनाउने । प्रदेश सरकारलाई प्रभावकारी बनाएर मोडेल प्रस्तुत गर्ने गरी योजना बनाउनु पर्छ ।

जनतासँग प्रत्यक्ष संवादः सोसल मिडिया, गाउँ–गाउँका भेला र विकास कार्यबाट जनतासँग जोडिने योजना निर्माण गर्ने साथै मधेस केन्द्रित सबै दलको अग्रज नेतृत्व सम्मिलित अधिकारसहितको अभिभावकीय भूमिका दिने तथा नयाँ पुस्तालाई कार्यकारीका रूपमा अगाडि सार्ने दुनियाँको सबभन्दा ठुलो राजनीतिक दल भाजपाको सांगठानिक मोडेल अपनाउने रणनीति आवश्यक छ ।

मधेसको राजनीति अब परिवर्तनको मोडमा छ । पुराना नारा र नेतृत्वले जति योगदान दिए पनि अब जनताले परिणाम खोजेका छन् । शून्य प्रतिनिधित्व दुःखद हो, तर यो अवसर पनि हो । यदि मधेसी समाजले समृद्ध मधेस, सक्षम सङ्घीयतालाई नयाँ नारा बनाउँछ भने नेतृत्व स्वतः उदय हुनेछ । समाजले आफैँ नेता तय गर्छ, तर नारा तय गर्नु समाजकै जिम्मेवारी हो ।

मधेसले अब माग्ने होइन, बनाउने बाटो रोज्नुपर्छ । काठमाडौँको पर्खाइमा नबसी जनकपुर, वीरगन्ज र राजविराजबाटै समृद्धि सुरु गर्नुपर्छ । यो नाराले मात्र मधेसलाई राष्ट्रिय मूलधारमा जोड्न सक्छ र साँच्चै समृद्ध बनाउन सक्छ । शून्य प्रतिनिधित्वले हामीलाई पुनरावलोकनको अवसर दिएको छ; त्यसलाई सदुपयोग गर्ने जिम्मेवारी हाम्रो हो ।

(लेखक गजेन्द्रनारायण सिंह अध्ययन केन्द्रका संयोजक हुन् ।)

# तीन अर्ब ९७ करोड ६७ लाख राजस्व सङ्कलन

**जनकपुरधाम।**
जनकपुरधाम स्थित आन्तरिक राजस्व कार्यालयले चालु आर्थिक वर्षको प्रथम नौ महिनामा रु तीन अर्ब ९७ करोड ६७ लाख चार हजार राजस्व सङ्कलन गरेको छ।

चालु आवको नौ महिनामा रु चार अर्ब ३३ करोड ८२ लाख ७७ हजार सङ्कलन गर्ने लक्ष्य रहेकामा रु तीन अर्ब ९७ करोड ६७ लाख चार हजार सङ्कलन भएको उक्त कार्यालयका प्रमुख आनन्दकुमार गुप्ताले जानकारी दिए।

हालसम्म आयकरवापत रु एक अर्ब १४ करोड ९४ लाख ५२ हजार, बहालकरवापत रु तीन करोड १८ लाख ९९ हजार , व्याजकरवापत रु छ करोड १७ लाख ८५ हजार, मुल्य अभिवृद्धिकरवापत रु ८१ करोड ९४ लाख २० हजार, अन्तःशुल्कवापत एक अर्ब ८८ करोड ८५ लाख ७१ हजार, स्वास्थ्य सेवाकरवापत रु तीन लाख १० हजार, शिक्षाकरवापत रु एक हजार तथा अन्य वापत दुई करोड ५२ लाख ६६ हजार गरी कुल रु तीन अर्ब ९७ करोड ६७ लाख चार हजार राजस्व सङ्कलन भएको कार्यालय प्रमुख आनन्दकुमार गुप्ताले जानकारी दिए।

यसैबीच, समयमा राजस्व दाखिला नगर्ने १२५ व्यावसायिक 'फर्म'लाई कारबाही प्रक्रिया बढाएइएको जानकारी दिँदै कार्यालय प्रमुख गुप्ताले कारबाहीको सूचना सार्वजनिक भएपछि १० वटा व्यावसायिक फर्मले रु चार करोड ३० लाख दाखिला गरेका बताए । आन्तरिक राजस्व कार्यालयमा एक लाख ६६ हजार ६५२ करदाता दर्ता छन्। रासस

## मधेश प्रदेश प्रहरी संकटमाः

# डीआईजीकै कार्यकक्षमा आत्महत्याको प्रयास

**मधेशदृष्टि**
**वीरगंज।**
मधेश प्रदेश प्रहरी संगठनभित्र पछिल्ला घटनाक्रमले नेतृत्वको प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएको छ । प्रदेश प्रहरी कार्यालयमै घटेको एक संवेदनशील घटनाले आन्तरिक अवस्था कति जटिल बनेको छ भन्ने स्पष्ट पारेको छ। मधेश प्रदेश प्रहरी प्रमुख गोबिन्द थपलियाकै कार्यकक्षमा एक प्रहरी जवानले आत्महत्या प्रयास गर्नुले संगठनभित्रको मनोबल कति कमजोर अवस्थामा पुगेको छ भन्ने देखाएको छ । सुरक्षा स्रोतका अनुसार प्रहरी जवान रोशन यादवले आफ्नै हात काट्ने प्रयास गरेका थिए। घटनास्थलमै रहेका एक इन्स्पेक्टरको तत्परताले ठूलो दुर्घटना टरेको बताइएको छ।

यस घटनाले मात्र होइन, पछिल्ला केही दिनयता सार्वजनिक भएका विवादहरूले पनि प्रहरी संगठनलाई थप संकटमा धकेलेका छन् । डीआईजी थपलियाको नाम जोडिएको कथित रकम असुली सम्बन्धी अडियो बाहिरिएपछि प्रहरीभित्रको वातावरण झन् तनावपूर्ण बनेको छ । उक्त प्रकरणले प्रदेश प्रहरी कार्यालय र धनुषा जिल्ला प्रहरीबीचको सम्बन्धमा समेत दरार ल्याएको बताइन्छ । प्रदेश कार्यालयबाट बढ्दो हस्तक्षेप र दबाबका कारण धनुषाका प्रहरी प्रमुख एसपी रुगम कुवर स्वास्थ्य समस्याका कारण अस्पताल भर्ना हुनुपरेको स्रोतको दाबी छ । यसले नेतृत्व तहबाट आवश्यक समन्वय र सन्तुलन कायम हुन नसकेको संकेत दिएको छ।

यसबीच, तस्करसँग मिलेमतो गरी रकम असुली गरेको आरोपमा वरिष्ठ सई गोपाल थापा मगर र सई जयलाल यादवलाई प्रहरी प्रधान कार्यालय तानिएको छ । यी घटनाहरूले संगठनभित्र अनुशासन र नियन्त्रण कमजोर हुँदै गएको देखाउँछन्।

त्यसैगरी, संगठनभित्रको अस्थिरता र दबाबको प्रभाव तल्लो तहसम्म पुगेको संकेत अन्य घटनाबाट पनि देखिएको छ । ड्युटी सकेर घर फर्किने क्रममा एक हलदार सवारी दुर्घटनामा परेर हाल उपचाररत रहेका छन्।

समग्र घटनाक्रमलाई हेर्दा नेतृत्वसँग जोडिएको विवादित अडियो, कार्यकक्षमै भएको आत्महत्या प्रयास, र आर्थिक अनियमितताका आरोपहरूले मधेस प्रदेश प्रहरीको समग्र छविमाथि गम्भीर धक्का पुगेको छ।

यदि यी विषयमा समयमै निष्पक्ष छानबिन, स्पष्ट कमाण्ड संरचना र आन्तरिक सुधारका ठोस कदम चालिएनन् भने संगठनभित्रको विश्वास संकट अझ गहिरिने जोखिम बढ्दै गएको देखिन्छ।

## सार्वजनिक यातायातमा विद्यार्थीहरुलाई ४५ प्रतिशत भाडा छुट

**मधेशदृष्टि**
**वीरगंज।**
यातायात व्यवस्था विभागले सार्वजनिक यातायातमा विद्यार्थीहरूलाई ४५ प्रतिशत भाडा छुट दिन निर्देशन गरेको छ। पछिल्लो समय भाडा बढेसँगै सार्वजनिक यातायातमा विद्यार्थीहरूले पाउनुपर्ने छुट नपाएको गुनासोपछि विभागले यातायात व्यवसायीलाई पहिलेदेखि दिइँदै आइएको भाडा छुटलाई निरन्तरता दिन निर्देशन दिएको हो।

विभागले हेलो सरकार र गुनासो पेटिकामा विद्यार्थीहरूले सार्वजनिक यातायातमा तोकिएको ४५ प्रतिशत छुट नपाएको गुनासाहरू आएको भन्दै ४५ प्रतिशत छुट नदिएको पाइएमा कारबाही गरिने चेतावनी दिएको छ।

२०६५ फागुन २० गते सरकार र यातायात व्यवसायीहरूबीच विद्यार्थीहरूलाई सार्वजनिक सवारी साधनमा ४५ प्रतिशत छुट दिने सहमति भएको थियो।

यसैबिच भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको यातायात व्यवस्था विभागले विद्युतीय सवारी साधन (इभी)को भाडा नबढाउन निर्देशन दिएको छ। विश्वभर नै पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएसँगै नेपालमा पनि अन्तरप्रदेशीय सार्वजनिक सवारीसाधनको भाडा समायोजन लागू भएको जानकारी गराउँदै सोही अनुसार सेवा सञ्चालन गर्न निर्देशन दिएको हो। तर, इभीको हकमा भने पुरानै भाडा दर यथावत राख्न आग्रह गरेको छ।

विभागले एक सूचना जारी गर्दै इभीले भाडा बढाएर लिने गरेको पाइएमा आवश्यक कारबाही गर्ने चेतावनीसमेत दिएको छ।

## सडक अतिक्रमण गरि बनाइएका

# संरचना हटाउने अभियान तीब्र

**मधेशदृष्टि**
**महोत्तरी ।**
धनुषाको ढल्केबर क्षेत्रमा सडक तथा सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउने अभियान तीव्र पारिएको छ । मिथिला नगरपालिकाले पूर्वसूचना अनुसार पूर्व–पश्चिम लोकमार्ग तथा सहायक मार्गको मापदण्डभित्र बनेका संरचना बुधबार बिहानदेखि हटाउन थालेको हो ।

नगरपालिकाले सडक विस्तार तथा व्यवस्थित सहरी विकासलाई ध्यानमा राख्दै अतिक्रमण हटाउने कार्य अघि बढाएको मिथिला नगरपालिकाका नगरप्रमुख महेन्द्र महतोले बताउनुभयो । सोही क्रममा ढल्केबर चोकमा रहेको ट्राफिक प्रहरी कार्यालयको भवनसमेत भत्काइएको छ । सडकको सीमाभित्र परेकाले उक्त भवन हटाइएको नगरपालिकाले जनाएको छ ।

नगरप्रमुख महतोले सार्वजनिक तथा सडक मापदण्ड मिचेर बनाइएका सबै संरचना खाली गराइने बताउँदै पूर्वसूचना दिएरै अभियान सञ्चालन गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार पूर्व–पश्चिम लोकमार्ग तथा दुर्गा मन्दिर सहायक मार्ग क्षेत्रमा रहेका सम्पूर्ण अतिक्रमित संरचना क्रमशः हटाइनेछ ।

सडकको मापदण्ड कायम गरी आवागमनलाई सहज बनाउने तथा सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने उद्देश्यले अभियान सञ्चालन गरिएको नगरप्रमुख महतोको भनाइ छ ।

## श्रीराम महायज्ञ एवं भव्य श्रीराम कथा

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नं. ७ अन्तर्गत रेलबे रोड कुम्हालटोलस्थित पंचमुखी हनुमान मन्दिर परिसरमा 'श्री श्री १०८ श्रीराम महायज्ञ एवं भव्य श्रीराम कथा' बुधबारदेखि विधिवत् रूपमा सुरु भएको छ । धार्मिक तथा सांस्कृतिक महत्व बोकेको उक्त महायज्ञ वैशाख १७ गतेसम्म सञ्चालन हुने आयोजक समितिले जनाएको छ ।

महायज्ञको उद्घाटनसँगै पहिलो दिन श्रद्धालुहरूको व्यापक सहभागितामा भव्य कलश यात्रा निकालिएको थियो । यज्ञ स्थलबाट सुरु भएको यात्रा नगरका विभिन्न भागको परिक्रमा गर्दै घडिअर्वा पोखरी पुगेको थियो। सो स्थानबाट जल भरी पुनः नगर परिक्रमा गर्दै कलशहरू यज्ञस्थलमा ल्याएर कार्यक्रम सम्पन्न गरिएको आयोजकले जनाएको छ ।

कलश यात्रामा विशेषगरी महिलाहरूले टाउकोमा कलश बोकी भजन–कीर्तन गर्दै उत्साहजनक सहभागिता जनाएका थिए । स्थानीय बासिन्दा, श्रद्धालु तथा धर्मप्रेमीहरूको उल्लेख्य उपस्थितिले सम्पूर्ण क्षेत्र भक्तिमय बनेको थियो । यज्ञ अवधिभर दैनिक रूपमा पूजा, हवन, श्रीराम कथा वाचनलगायत विविध धार्मिक कार्यक्रम सञ्चालन गरिने जनाइएको छ ।

साथै देशका विभिन्न स्थानबाट आएका पण्डित तथा वाचकहरूद्वारा कथा प्रवचन गरिने कार्यक्रम तय गरिएको छ ।

आयोजक समितिका अनुसार महायज्ञले धार्मिक चेतना अभिवृद्धि गर्नुका साथै सामाजिक एकता र सद्भाव कायम गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । श्रद्धालुहरूलाई कार्यक्रममा सहभागी भई पुण्य लाभ लिन आह्वानसमेत गरिएको छ ।

## पर्सामा धुवाँ र धुलोको डरलाग्दो कहरः

# जनजीवन कष्टकर, स्वास्थ्य जोखिम उच्च

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा जिल्लाको ग्रामीण क्षेत्रमा पछिल्लो एक सातादेखि वायु तथा वातावरणीय प्रदूषण अत्यधिक बढ्दै जाँदा स्थानीय जनजीवन कष्टकर बन्दै गएको छ । चितवन राष्ट्रिय निकुञ्ज आसपासका वन क्षेत्रमा लागेको डढेलोबाट फैलिएको धुवाँले वातावरण धुम्म बनाउँदा प्रदूषण झन् तीव्र भएको हो।

स्थानीयका अनुसार गहुँबाली भित्र्याउने क्रममा उड्ने धुलो, गहुँको छवाली जलाउँदा निस्कने धुवाँ, र लामो समयदेखि वर्षा नहुनुका कारण सडकबाट उड्ने धुलोले अवस्था थप बिगारेको छ। दिनभरि नै धुलो र धुवाँको मिश्रणले वातावरण ढाकिँदा दैनिक क्रियाकलापसमेत प्रभावित भएका छन्।



जगरनाथपुर गाउँपालिका–४ का स्थानीय दिनदयाल दास थारुले बिहानैदेखि वातावरण कुहिरोजस्तै धुम्म हुने, आँखा पोल्ने, आँसु आउने र रातो हुने समस्या बढेको बताए। श्वास–प्रश्वासमा समेत समस्या देखिन थालेको र अत्यधिक प्रदूषणका कारण घरभित्र बस्नसमेत कठिन भएको उनको अनुभव छ। यो समस्या ठोरी गाउँपालिका, जिराभवानी गाउँपालिका, पटेर्वासुगौली गाउँपालिका, सखुवाप्रसौनी गाउँपालिका, पर्सागढी नगरपालिका तथा वीरगंज महानगरपालिकाका केही वडासम्म फैलिएको छ।

स्वास्थ्यकर्मीहरूले वायु प्रदूषणले गम्भीर असर पार्न थालेको चेतावनी दिएका छन् । पटेर्वासुगौली गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख भुजेन्द्र यादवका अनुसार मुटु, फोक्सो तथा श्वास–प्रश्वाससम्बन्धी दीर्घरोगीहरूका लागि अहिलेको अवस्था अत्यन्त जोखिमपूर्ण बनेको छ । प्रदूषित वातावरणका कारण आँखामा संक्रमणको खतरा समेत बढेको उनले बताए। त्यस्तै, ठोरी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख रमेशराज थिङ्गले आवश्यक सावधानी अपनाउन आग्रह गरेका छन्।

अत्यावश्यक बाहेक बाहिर ननिस्किन, बाहिर जाँदा मास्क र चस्मा प्रयोग गर्न तथा सवारी चलाउँदा हेल्मेट लगाउन उनले सुझाव दिएका छन् । स्वास्थ्य समस्या देखिएमा नजिकको स्वास्थ्य संस्थामा तुरुन्त जाँच गराउन पनि आग्रह गरिएको छ । बढ्दो प्रदूषण नियन्त्रणका लागि डढेलो व्यवस्थापन, धुलो नियन्त्रण र जनचेतना अभिवृद्धिमा सम्बन्धित निकायले तत्काल प्रभावकारी कदम चाल्नुपर्ने देखिएको छ।

## नौ महिनामा ६ खर्ब

# ९४ अर्बको सामान आयात

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज नाका हुँदै चालु आर्थिक वर्षको नौ महिनामा छ खर्ब ९४ अर्ब पाँच करोड रुपैयाँका वस्तु तथा सामान आयात भएको छ ।

वीरगंज भन्सार कार्यालयका अनुसार गत आवको नौ महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने ८० अर्ब ४४ करोड रुपैयाँ अर्थात् १३ प्रतिशत बढी आयात भएको हो । जबकि गत आवको नौ महिनामा भने छ खर्ब १३ अर्ब ६१ करोड रुपैयाँबराबरका वस्तु तथा सामान आयात भएको थियो ।

वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा यो नाका हुँदै हुने आयातमा बढोत्तरी भएको जानकारी दिए । यो नाका हुँदै चालु आवको नौ महिनामा एक खर्ब ४८ अर्ब १६ करोड रुपैयाँको पाँच थरिको पेट्रोलियम पदार्थ आयात भएको छ । जबकि गत आवको सोही अवधिमा भने एक खर्ब ४० अर्ब १० करोड रुपैयाँको पेट्रोलियम पदार्थको आयात भएको थियो ।

चालु आवको नौ महिनामा ६२ अर्ब २६ करोड रुपैयाँ पर्ने फलाम तथा फलामबाट बनेका सामान आयात भएका छन् ।

## कम्युनिष्ट पार्टी स्थापनाको अवसरमा विशेष कार्यक्रम




**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) पर्साले कम्युनिष्ट पार्टी स्थापनाको ७७औँ वार्षिकोत्सवका अवसरमा रामगढवास्थित मनमोहननगर पार्टी कार्यालयमा विशेष कार्यक्रम आयोजना गरेको छ । कार्यक्रममा केन्द्रीय सदस्य प्रभू हजराले पछिल्लो समय पार्टी आन्तरिक चुनौती र अन्तरविरोधबाट प्रभावित भएको स्वीकार गर्दै समीक्षा गरी सुधारसहित अघि बढ्नुपर्नेमा जोड दिए।

उनले संगठनलाई सुदृढ बनाउँदै एकताबद्ध रूपमा अघि बढ्नुपर्ने आवश्यकता औंल्याए । अर्का केन्द्रीय सदस्य तथा वीरगञ्ज महानगरपालिकाका पूर्वप्रमुख विजयकुमार सरावगीले पार्टीलाई जनताको समस्या र आवश्यकतासँग जोडेर अघि बढाउनुपर्ने धारणा व्यक्त गरे। 'जनताबाट टाढा रहेर कुनै पनि आन्दोलन सफल हुँदैन,' उनले भने।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय लेखा संयोजक केसी लामिछानेले कम्युनिष्ट आन्दोलनको इतिहास, वर्तमान राजनीतिक अवस्था र संगठन सुदृढीकरणबारे धारणा राखे । महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जाराले एक चुनावी हारले एमालेजस्तो ऐतिहासिक पार्टी समाप्त नहुने उल्लेख गर्दै समयअनुसार नेतृत्व हस्तान्तरण र संगठनात्मक रूपान्तरण आवश्यक रहेको बताए। उनले केही सीमित नेताहरूले पार्टीलाई निजी कम्पनीझैँ सञ्चालन गर्ने प्रवृत्तिले संगठन कमजोर बनेको आरोप पनि लगाए।

कार्यक्रम विश्वम्भर शर्माको अध्यक्षतामा सम्पन्न भएको थियो भने सञ्चालन मनोज कुशवाहाले गरेका थिए । कार्यक्रममा मधेश प्रदेश कमिटीका उपाध्यक्ष बिचारी यादव, नेता जालिम मियाँ, नगर कमिटीका कार्यवाहक अध्यक्ष लियाकत अली, प्रद्युम्न चौहानलगायत नेता, कार्यकर्ता तथा स्थानीय अगुवाहरूको उपस्थिति रहेको थियो।

## सडक तथा नाला निर्माणमा अनियमितता भएको भन्दै विरोध

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको चन्द्रपुर नगरपालिका–७ नयाँबस्ती टोलमा निर्माणाधीन सडक तथा नाला निर्माणमा अनियमितता भएको भन्दै स्थानीयवासीले विरोध जनाएका छन् । स्थानीयका अनुसार सडक डिभिजन कार्यालयमा कार्यरत ओभरसियर सुरेन्द्र शाहले आफन्तको नाममा निर्माण कम्पनी दर्ता गराई सोही कम्पनीमार्फत उक्त क्षेत्रमा सडक र नाला निर्माणको काम अघि बढाएका छन्।

निर्माण कार्य सुरु भएदेखि नै गुणस्तरमा कमी देखिएको भन्दै स्थानीयले विरोध गर्दैआएका छन् । स्थानीय उपेन्द्र यादबले सडक ग्रेडिङ नगरी हतारमा ढुंगा हाल्ने, नालामा कमजोर, कमसल सामग्री प्रयोग गर्ने जस्ता कार्य भएको आरोप लगाएका छन्।

उनीहरूले गुणस्तरीय निर्माणको माग गर्दै काम रोक्न दबाब दिएका छन् । स्थानीयको विरोधपछि सम्बन्धित प्राविधिक दलबलसहित गाउँ पुगेको र त्यस क्रममा केही समय तनाव समेत उत्पन्न भएको स्थानीयले बताए। हतारमा गरिएको गुणस्तरहिन कामले राज्यको करोडौं नोक्सान हुने र कमसल विकासले सास्ती खेप्नु परेको अर्का स्थानीय देबेन्द्र यादबले बताए।

## सेवाग्राहीलाई ठगेको आरोपमा विचौलिया पक्राउ

**मधेशदृष्टि**
**रौतहट।**
गौरस्थित यातायात व्यवस्था कार्यालय परिसरबाट सेवाग्राहीलाई ठग्ने आरोपमा एक जना बिचौलिया पक्राउ परेका छन्। पक्राउ पर्नेमा गौर नगरपालिका–५ दोस्तिया टोलका ४० वर्षीय लक्ष्मी कुमार केशरी रहेका छन्।

जिल्ला प्रहरी कार्यालयका अनुसार उनी सेवाग्राहीको काम छिटो गरिदिने भन्दै अनावश्यक झन्झट सिर्जना गर्ने, कागजात बोकेर विभिन्न शाखामा घुमाउने र सवारी चालक अनुमति पत्र (लाइसेन्स) बनाइदिने नाममा प्रलोभन देखाउँदै आएका थिए। यस सम्बन्धमा प्राप्त सूचनाको आधारमा बुधबार दिउँसो प्रहरी टोली यातायात कार्यालयमा खटिएको थियो। सोही क्रममा कार्यालय परिसरभित्रैबाट केशरीलाई पक्राउ गरिएको हो। प्रहरीले घटनाबारे थप अनुसन्धान जारी रहेको जनाएको छ।

साथै, सेवाग्राहीलाई यस्ता बिचौलियाको प्रभावमा नपर्न र कुनै समस्या आएमा सिधै सम्बन्धित निकाय वा प्रहरीसँग सम्पर्क गर्न आग्रह गरिएको छ।

## लागुऔषध गाँजासहित महिला पक्राउ

**मधेशदृष्टि**
**सिरहा।**
सिरहाको गोलबजारबाट ठूलो परिमाणमा लागूऔषध गाँजासहित एक महिला पक्राउ परेकी छन्। पक्राउ पर्नेमा गोलबजार नगरपालिका–२ टुडकीयाकी गीता कुमारी साह रहेको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख प्रहरी निरीक्षक सुदन केसीका अनुसार विशेष सुराकीको आधारमा मंगलबार दिउँसो उनलाई पक्राउ गरिएको हो । प्रहरीका अनुसार साहलाई उनको घरमै प्लास्टिकको झोलामा गाँजा प्याकिङ गरिरहेको अवस्थामा नियन्त्रणमा लिइएको थियो। घरबाट २० किलो ४ सय ग्राम गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ।

प्रारम्भिक अनुसन्धानमा साहले अन्यत्रबाट गाँजा खरिद गरी भारततर्फ पुऱ्याएर बिक्री वितरण गर्ने गरेको खुलेको प्रहरीको दाबी छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## KIEC Simara को भव्य उद्घाटन

**राहुल गुप्ता**
**सिमरा ।**
बारा — सिमरा चौकस्थित KIEC Simara को ग्राण्ड ओपनिङ कार्यक्रम हिजो भव्य तथा उत्साहपूर्ण वातावरणमा सम्पन्न भएको छ। अन्तर्राष्ट्रिय शैक्षिक परामर्श क्षेत्रमा स्थापित पहिचान बनाउँदै आएको KIEC ले सिमरामा नयाँ शाखा विस्तार गर्दै स्थानीय विद्यार्थीहरूलाई विदेश अध्ययनसम्बन्धी सेवा उपलब्ध गराउने उद्देश्यसहित कार्यालय सञ्चालनमा ल्याएको हो।कार्यक्रम KIEC Simara की Managing Director सखु कँडेल खनालको अध्यक्षतामा सम्पन्न भएको थियो भने प्रमुख अतिथिका रूपमा KIEC काठमाडौंका CEO राजेन्द्र रिजालको उपस्थिति रहेको थियो। उद्घाटन समारोहलाई सम्बोधन गर्दै रिजालले देशभर गुणस्तरीय शैक्षिक परामर्श सेवा विस्तार गर्ने लक्ष्यअनुसार सिमरामा शाखा सञ्चालनमा ल्याइएको उल्लेख गर्नुभयो। उहाँले विशेषगरी मधेस क्षेत्रका विद्यार्थीहरूलाई सहज, विश्वसनीय तथा पारदर्शी सेवा प्रदान गर्न यो शाखा महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो।




कार्यक्रममा K I E C Head Office की Director सबिना श्रेष्ठ, राष्ट्रिय स्वतन्त्र पार्टीका जितपुर–सिमरा उपमहानगरपालिका नगर सभापति सुरेश केसीलगायत विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको सहभागिता रहेको थियो। साथै स्थानीय पत्रकार, शिक्षाप्रेमी तथा अन्य सरोकारवालाहरूको उपस्थितिले कार्यक्रमलाई थप प्रभावशाली बनाएको थियो।उद्घाटन अवसरमा अतिथिहरूले KIEC को उद्देश्य, सेवा र भावी योजनाबारे आफ्ना धारणा व्यक्त गर्दै सिमरामा खुलेको यो शाखाले उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरूलाई सही मार्गदर्शन प्रदान गर्ने विश्वास व्यक्त गरे। कार्यक्रममा अन्तरक्रिया, शुभकामना आदान–प्रदान तथा नेटवर्किङका गतिविधिहरूले वातावरणलाई अझ अर्थपूर्ण बनाएको थियो।

आयोजकका अनुसार यो उद्घाटन केवल औपचारिक कार्यक्रम मात्र नभई teamwork, connection र growth को नयाँ सुरुवातको रूपमा लिइएको छ। KIEC Simara ले आगामी दिनहरूमा विदेश अध्ययनसम्बन्धी परामर्श, भिसा प्रोसेसिङ सहयोग, विश्वविद्यालय छनोट तथा करियर गाइडेन्स सेवा प्रदान गर्ने जनाएको छ।कार्यक्रमको सञ्चालन रबिना चौलागाईंले कुशलतापूर्वक गर्नुभएको थियो। समग्रमा कार्यक्रम व्यवस्थित, भव्य र सफलतापूर्वक सम्पन्न भएको आयोजकले जनाएको छ।

## सम्पादकीय

# नैतिकताको परीक्षाः गृहमन्त्री गुरुङको उदय र पतन !

विवादित व्यवसायी दीपक भट्टको कम्पनीमा सेयर रहेको खुलासासँगै गृहमन्त्री सुधन गुरुङको राजीनामा केवल व्यक्तिगत निर्णय मात्र होइन, समग्र शासन प्रणालीको चरित्रमाथि उठेको गम्भीर प्रश्न हो। छोटो केवल २६ दिनको कार्यकालमा तीव्र 'एक्सन'मार्फत आफूलाई प्रस्तुत गरेका गुरुङ अन्ततः आफ्नै नैतिक दाबीको परीक्षामा परे। र, यसपटक उनले पदभन्दा नैतिकतालाई रोजे तर के यो पर्याप्त छ ? गुरुङको कार्यशैली सुरुदेखि नै असामान्य थियो। पदभार सम्हालेको पहिलो दिनदेखि नै उनी प्रहरी नेतृत्वसँग रातभर छलफलमा जुटे, हाइप्रोफाइल व्यक्तिहरूको पक्राउमा आक्रामक रूपमा अघि बढे, र राज्य संयन्त्रलाई गति दिन खोजे।

केपी शर्मा ओली देखि रमेश लेखक सम्मका प्रभावशाली व्यक्तिहरू पक्राउ परे। यसले आम जनतामा 'कानुन सबैका लागि समान' भन्ने आशा जगायो। तर, यही आक्रामकता प्रक्रिया र विधिसम्मत अभ्यासभन्दा माथि उठ्दा आलोचनाको कारण बन्यो।

कानुन कार्यान्वयनमा हतार र प्रदर्शनमुखी शैली दीर्घकालीन रूपमा खतरनाक हुन सक्छ। पक्राउ गरिएका अधिकांश व्यक्तिहरू अदालतबाट छुट्नुले अनुसन्धानको कमजोरी मात्र होइन, राजनीतिक 'स्टन्ट'को आरोपलाई पनि बलियो बनायो। गृहमन्त्री स्वयंले अदालतप्रति असन्तुष्टि जनाउँदै दिएको अभिव्यक्तिले शक्ति पृथकीकरणको मूल सिद्धान्तमाथि नै प्रश्न उठायो। एउटा जिम्मेवार मन्त्रीले न्यायपालिकाप्रति यस्तो संकेत दिनु शासन प्रणालीका लागि शुभ संकेत होइन। तर, गुरुङको पतनको वास्तविक कारण उनको कार्यशैली होइन उनको विगतसँग जोडिएको आर्थिक पारदर्शिताको अभाव हो। सेयर लुकाउने, ऋण नदेखाउने, र विवादित व्यवसायीसँग सम्बन्ध देखिनुले 'कन्फ्लिक्ट अफ इन्टरेस्ट'को गम्भीर प्रश्न खडा गर्‍यो। जब गृहमन्त्री स्वयं नै शंकाको घेरामा पर्छन्, तब उनले नेतृत्व गर्ने सुरक्षा संयन्त्रको नैतिक आधार कमजोर हुन्छ।

यही सन्दर्भमा उनको राजीनामा महत्वपूर्ण छ। उनले 'नैतिक जिम्मेवारी' स्वीकार्दै पद छाड्नु सकारात्मक कदम हो। यसले कम्तीमा पनि राजनीतिक उत्तरदायित्वको एउटा न्यूनतम मापदण्ड स्थापित गरेको छ। तर, केवल राजीनामा दिँदैमा समस्या समाधान हुँदैन। वास्तविक प्रश्न अझै बाँकी छ के अब निष्पक्ष छानबिन हुन्छ ? वा यो प्रकरण पनि समयसँगै ओझेलमा पर्छ ? यो घटनाले दुई महत्वपूर्ण पाठ दिन्छ। पहिलो, आक्रामकता र लोकप्रियता मात्रै राम्रो शासनको मापदण्ड होइन र विधि, प्रक्रिया र पारदर्शिता अनिवार्य तत्व हुन्। दोस्रो, कुनै पनि मन्त्रीको व्यक्तिगत आर्थिक आचरण सार्वजनिक पदको विश्वाससँग प्रत्यक्ष जोडिएको हुन्छ। विगतका कमजोरीहरू लुकाएर वर्तमानमा 'सुधारक' बन्ने प्रयास दीर्घकालीन रूपमा असफल हुन्छ।

अन्ततः, गुरुङको उदय जति असामान्य थियो, पतन पनि त्यत्तिकै छिटो भयो। अब जिम्मेवारी सरकार र सम्बन्धित निकायहरूको हो यस प्रकरणलाई उदाहरणीय रूपमा छानबिन गरेर भविष्यका लागि स्पष्ट सन्देश दिनु। नत्र, 'नैतिकता' शब्द केवल भाषणमै सीमित रहनेछ, व्यवहारमा होइन।

# सामुदायिक विद्युतीकरणमा नीतिगत एवं व्यवस्थापकीय सुधारको पहल

नारायण ज्ञवाली

काठमाडौँ।
ऊर्जा क्षेत्रजस्तो दीर्घकालीन प्रभाव पार्ने क्षेत्रमा समन्वय, निरन्तरता र स्पष्ट नीति दिशा अपरिहार्य छ। दिगो ऊर्जा विकासका लागि संस्थागत स्थिरता, उत्तरदायी कार्यान्वयन र बहुपक्षीय सहकार्य अपरिहार्य आधार हुन्। यी तत्वलाई केन्द्रमा राख्दा विश्वास निर्माण हुन्छ र दीर्घकालीन प्रगति सुनिश्चित हुन्छ। नेपालमा जलविद्युत् उत्पादनको इतिहास एक शताब्दीभन्दा बढी (११४ वर्ष) पुरानो भए पनि अझैसम्म पूर्ण विद्युतीकरण हासिल हुनसकेको छैन। विशेषगरी ग्रामीण क्षेत्रमा सामुदायिक विद्युतीकरणमार्फत उज्यालो नेपाल बनाउने अभियानमा सामुदायिक संस्थाहरूले खेलेको भूमिका अत्यन्तै महत्त्वपूर्ण र प्रशंसनीय छ तर पनि विद्युतसम्बन्धी स्पष्ट तथा सुदृढ कानुनको अभाव, सङ्घीय संरचनाअनुसार प्रभावकारी विकेन्द्रीकरण हुन नसक्नु, गुणस्तरीय, नियमित र सर्वसुलभ विद्युत् सेवा सबै नागरिकसम्म पुग्न नसक्नुजस्ता चुनौतीहरू अझै विद्यमान छन्। जलस्रोतमा सम्पन्न राष्ट्र भएर पनि जलविद्युत्मा आत्मनिर्भर हुन नसक्नु हाम्रो प्रमुख कमजोरीका रूपमा रहेको छ।

नेपाल सरकारले २०६० सालदेखि प्रारम्भ गरेको सामुदायिक विद्युतीकरण कार्यक्रम समुदायको आर्थिक सहभागिता तथा प्रत्यक्ष संलग्नतामा आधारित एक सफल नमूना कार्यक्रमका रूपमा स्थापित भएको छ। नेपाल विद्युत् प्राधिकरणअन्तर्गत सामुदायिक ग्रामीण विद्युतीकरण विभागमार्फत कार्यान्वयन र समुदायबाट व्यवस्थापन भइरहेको यो कार्यक्रम हालसम्म ५५ जिल्लामा ३०२ वटा संस्थामार्फत करिब छ लाख घरधुरीमा विद्युत् सेवा विस्तार गरिएको छ। संरचना निर्माणमा समुदायको प्रत्यक्ष संलग्नतासहित दुई अर्ब रुपैयाँभन्दा बढी लगानी भइसकेको छ। यसरी समुदायको स्वामित्व र सहभागितामा सञ्चालन भएको यो कार्यक्रम नेपालकै एक उत्कृष्ट तथा अनुकरणीय नमूना कार्यक्रमका रूपमा स्थापित भएको छ। सामुदायिक विद्युतीकरण कार्यक्रमले ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा विद्युत् पहुँच विस्तार मात्र होइन, स्थानीय आर्थिक तथा सामाजिक विकासमा समेत महत्वपूर्ण योगदान पुर्‍याएको छ। कार्यक्रममार्फत तीन हजारभन्दा बढी प्रत्यक्ष तथा तीन हजार ५०० भन्दा बढी अप्रत्यक्ष रोजगारी स्थानीयस्तरमै सिर्जना भई व्यवस्थापन गरिएको छ। साथै, स्थानीय सहभागितामार्फत विद्युत् चुहावट नियन्त्रण, सेवा गुणस्तर सुधार तथा सरल, सहज र प्रभावकारी घरदैलो सेवा प्रवाह सुनिश्चित गरिएको छ। उज्यालो नेपाल अभियानमा समेत यस कार्यक्रमको विशेष योगदान उल्लेखनीय रहेको छ।

यसै सन्दर्भमा, देशभर सामुदायिक विद्युतीकरण कार्यक्रम सञ्चालन गरिरहेका सामुदायिक संस्थाहरूको छाता संस्थाको रूपमा सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासङ्घ, नेपाल क्रियाशील रहेको छ। महासङ्घले सामुदायिक संस्थाहरू, नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण तथा राष्ट्रिय÷अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ–संस्थाहरूबीच समन्वयकारी भूमिका निर्वाह गर्दै सहकार्य, सहजीकरण तथा अनुभव आदान–प्रदानको प्रभावकारी पुलको रूपमा काम गर्दै आएको छ। यस संस्थामार्फत सामुदायिक विद्युतीकरण कार्यक्रमलाई थप व्यवस्थित, दिगो र प्रभावकारी बनाउने दिशामा महत्वपूर्ण योगदान पुगिरहेको छ। तथापि, यस कार्यक्रमले नीतिगत, कानुनी तथा व्यावहारिक तहमा विभिन्न चुनौतीहरू भोग्दै आएको अवस्था विद्यमान छ। यस सन्दर्भमा, सामुदायिक विद्युतीकरण कार्यक्रमको दिगो विकास तथा प्रभावकारी सञ्चालनका लागि निम्न विषयहरूमा नीतिगत तथा बजेटीय व्यवस्थापन आवश्यक रहेको छ। नीतिगत तथा कानुनी स्पष्टताः सामुदायिक विद्युतीकरण कार्यक्रमलाई स्पष्ट कानुनी आधार प्रदान गर्दै विकेन्द्रित प्रणालीमार्फत सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउने व्यवस्था गर्न आवश्यक रहेको छ। जसका लागि विद्युत् ऐन पटक–पटक संसद्मा प्रवेश गरेता पनि हाल विचाराधीन रहेको छ।

विनियमावली संशोधनः हाल सञ्चालनमा रहेका सामुदायिक विद्युतीकरणसम्बन्धी विनियमहरूलाई समयानुकूल परिमार्जन गरी सरोकारवालाहरू तथा विद्युत् महासङ्घको सहभागितामा आवश्यक संशोधन गर्नुपर्नेछ। नेपाल विद्युत प्राधिकरणमा सामुदायिक विद्युत विनियमावली संशोधन गर्न कार्यदलको गठन भएता पनि कार्य अघि बढ्न सकेको छैन। विद्युत् महसुल संरचनाः व्यावहारिक, पारदर्शी र न्यायोचित महसुल प्रणाली निर्माण गरी समुदायका उपभोक्ताहरूलाई सहज सेवा सुनिश्चित गर्नुपर्छ र सामुदायिक संस्था पनि दिगो रूपमा सञ्चालन हुनसक्ने प्रकारको महशुल संरचना आवश्यक छ। पटक–पटक विज्ञ प्रतिवेदन, सामुदायिक संस्थाको माग, अन्तरक्रिया छलफल भएता पनि महशुलमा पुनरावलोकन हुन सकेको छैन। विद्युत् विक्री दर भन्दा खरिद दर महंगो हुँदा कृषि तथा खानेपानीमा समस्या छ, साथै सेवा शुल्क अन्यायपूर्ण छ।

बजेट तथा लगानी सुनिश्चितताः कार्यक्रमलाई सुरक्षित, भरपर्दो र दिगो बनाउन पर्याप्त बजेट व्यवस्था गरी प्रणाली सुदृढीकरण तथा ऊर्जा उपयोगलाई प्रोत्साहन गर्न आवश्यक छ। सामुदायिक संस्थाहरूले प्रणाली सुदृढीकरण गर्न १० प्रतिशत सहभागिता रकमसहित प्रस्ताव पेश गरेका छन्। नेपाल सरकारबाट विनियोजित वजेटको अभावमा काम हुनसकेको छैन, जसबाट समुदायमा गुणस्तरीय विद्युत् प्रवाह गर्न समस्या परेको छ। निर्माण तथा व्यवस्थापन प्रणालीः साना–ठूला निर्माण कार्यहरूमा स्थानीय उपभोक्ताको सहभागिता बढाई छिटो, गुणस्तरीय र प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनु आवश्यक छ। विद्यमान सार्वजनिक खरिद ऐनले दिएको सीमाभित्र उपभोक्ताहरूलाई निर्माण कार्यमा सहभागी बनाउनु आवश्यक छ। यस सम्बन्धमा टा‹न्सफर्मर अपग्रेड लगाएतका साना कामहरूमा निर्माण व्यवसायीको प्राथमिकता नरहने, पटक पटक बोलपत्र आह्वान गर्दा समेत निर्माण व्यवसायी तयार नहुने गर्दा स–साना कामहरू उपभोक्ता समितिमा रहेको जनशक्तिको मूल्याङ्कनको आधारमा तय गरी गुणस्तर नियन्त्रणको काम प्राधिकरणबाट हुने गरी गरिनु अपरिहार्य छ। सामुदायिक लगानीको मान्यताः समुदायले विद्युत् संरचना निर्माणमा गरेको लगानीलाई हालसम्म प्राधिकरणमा पूँजीकरण गरिएको भएतापनि समुदायको स्वामित्वको स्पष्ट मान्यता नपाएको अवस्थामा उक्त लगानीलाई औपचारिक रूपमा मान्यता दिई संस्थागत स्वामित्व सुनिश्चित गर्ने नीति आवश्यक छ। समुदायले विद्युत् सहकारी संस्थामा शेयरको रुपमा लगानी गरेको, लगानी गरेको रकम प्राधिकरणमार्फत विद्युत संरचनामा खर्च भई प्राधिकरणले पुँजीकरण गरेको अवस्थामा समुदायले सहकारीमा जम्मा गरेको रकमले थप विवाद सिर्जना गरेकोले समुदायबाट लगानी गरेको रकमलाई प्राधिकरणले उत्पादन कम्पनीहरूमा शेयरको रुपमा राखी समुदायको लगानीको सुनिश्चितता गरिनु आवश्यक छ। नेपाल सरकारले अघि सारेको सुशासनको मार्गचित्रलाई व्यवहारमा उतार्दै सामुदायिक विद्युतीकरण क्षेत्रमा देखिएका समस्याहरूको समाधान तथा यसको प्रभावकारिता वृद्धि गर्न नीतिगत, कानुनी तथा बजेटीय तहबाट आवश्यक पहल गर्नु पर्ने हुन्छ। यसबाट ग्रामीण तथा दुर्गम क्षेत्रका करिब १५ प्रतिशत नागरिकले गुणस्तरीय, भरपर्दो र सुलभ विद्युत् सेवा प्राप्त गर्नेछन्। यस नवीन राजनीतिक परिवेशमा, जनताको नयाँ जनादेशसहित सरकार निर्माण भइरहेको सन्दर्भमा विगतका सकारात्मक पहलहरूलाई निरन्तरता दिँदै कमजोरीहरू सुधार गरी स्पष्ट मार्गचित्रका साथ अगाडि बढ्न आवश्यक छ।

वर्तमान सरकारबाट देशमा सुशासन, दिगो विकास र स्थायी शान्ति स्थापना गर्दै आम नेपालीले प्रत्यक्ष महसुश गर्ने गरी प्रभावकारी सरकारी सेवा प्रवाह हुन सकोस् भन्ने अपेक्षा गरेका छन्। आयातित विद्युतबाट लोडसेडिङको अन्त्य गरिएको, सामुदायिक संस्थाहरूको काम चलाउ विद्युतिकरण संरचनाको भरमा विद्युत् पहुँच ९८ प्रतिशत पुर्‍याइएको, आधारहिन आधारमा विद्युत् महशुल छुट गरी विद्युत्को उपभोगलाई पहुँचयोग्य बनाइएको भनिएको भएपनि प्रयाप्त उत्पादन, भरपर्दो प्रसारण लाइन र विद्युतीकरण, सबैका लागि वास्तविक पहुँच र वैज्ञानिक शुल्क निर्धारण आज पनि चुनौतीको विषय हुन्। यी चुनौतीहरूको समाधानतर्फ पनि वर्तमान सरकारबाट ठोस पहल हुने अपेक्षा गरिएको छ। नेपालमा सशस्त्र द्वन्द्व भई विकास निर्माण तथा कर्मचारीहरू ग्रामीण क्षेत्रमा गई सेवा दिन र विद्युत् विस्तार गर्न नसकेको अवस्थामा सामुदायिक संस्थामार्फत सामुदायिक विद्युतीकरण गरी पूर्ण विद्युतीकरण गर्न सहयोगी भूमिका खेलेका सामुदायिक संस्थाहरूलाई अबमूल्यन होइन, राज्यबाट उचित मूल्याङ्कन गरी यस कार्यक्रमको प्रभावकारिताको लागि आवश्यक नीति तर्जुमा गर्नुपर्छ। माथि उल्लेखित विषयवस्तुहरूलाई समेटी सामुदायिक विद्युतीकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयन र नीतिगत सुधारका लागि विशेष आग्रहका साथ महासङ्घको तर्फबाट प्रधानमन्त्री बालेन्द्र शाह र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीलाई मागपत्र पनि बुझाइएको छ। सरकारका सुशासनका १०० मार्गचित्र अभियानको प्रशंसा गर्दै राज्यलाई थप जनमैत्री बनाउने विश्वास व्यक्त गरेको छ। रासस (लेखक सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासङ्घ, नेपालका अध्यक्ष छन्)

# जैविक विविधता तथा वन्यजन्तुको सम्बन्धको दीर्घकालीन खोजी

कृणराज गौतम

**काठमाडौँ।**
जैविक विविधता संरक्षण तथा पर्यापर्यटन प्रवद्र्धन गर्ने उद्देश्यले 'जैविक विविधता तथा रेडपाण्डा–थार अन्तरराष्ट्रिय सम्मेलन'ले वनस्पति, जीवाणु र तिनीहरूको आपसी सम्बन्धलाई दीर्घकालीन बनाउने प्रतिबद्धता प्रकट गरेको छ। दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाद्वारा यही वैशाख ४ देखि ६ गतेसम्म सञ्चालित सम्मेलनले पृथ्वीमा रहेका सम्पूर्ण प्राणीको सहअस्तित्वलाई सुदृढ गर्ने प्रतिबद्धता गरेको हो। सम्मेलनलाई सफल बनाउन कोशी प्रदेश सरकार, पर्यटन, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन तथा भूसंरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष, त्रिभुवन विश्वविद्यालय, नेपाल प्रज्ञा प्रतिष्ठानलगायतले सहकार्य गरेका थिए। नेपालले जैविक विविधता संरक्षणका लागि सन् १९६० को दशकदेखि विभिन्न व्यवस्थाहरू गरेको पाइन्छ। प्रकृतिमा आधारित जीविकोपार्जन एवं रोजगारी सृजना, दिगो विकास तथा पर्यापर्यटन प्रवद्र्धन, मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापनलगायत विषयमा परम्परागत ज्ञानको समीक्षा, वैज्ञानिक ज्ञान र राष्ट्रिय तथा अन्तरराष्ट्रिय अनुभवलाई एकीकृत गर्दै आगमी दिनमा सशक्त कार्यक्रम सञ्चालन गर्न सम्मेलनबाट सुझाव प्राप्त भएको नगरपालिका प्रमुख तीर्थराज भट्टराईले जानकारी दिए।

नेपाल, भारत, भुटान, बङ्गलादेश, संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया र जर्मनीका सहभागी प्रतिनिधि तथा विषयविज्ञको सहभागितामा घनिभूत छलफलपछि स्थानीय तहको सहभागितामा वनजङ्गल, खोला खोल्सी, पोखरी, तालतलैया, सिमसार, जडीबुटी र जैविक मार्गको पुनःस्थापना तथा दिगो व्यवस्थापनसहितका कार्यक्रम सञ्चालन गर्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय सहकार्यलाई अभिवृद्धि गर्ने प्रस्ताव पारित गरिएको छ। जैविक विविधता साथै वन्यजन्तु संरक्षणलाई उच्च प्राथमिकतामा राख्ने, स्थानीय समुदायको सहभागितामा सात बुँदे 'दिक्तेल घोषणापत्र' जारी गरिएको छ। नेपालले सन् १९९२ को रियो सम्मेलनमा पारित जैविक विविधता महासन्धिमा नेपालले सन् १९९४ मा हस्ताक्षर गरेपछि जैविक विविधता संरक्षणमा संवैधानिक, कानुनी, नीतिगत, संस्थागत तथा संरचनागत व्यवस्था गरी कार्यान्वयन गरेको पाइन्छ। लोपोन्मुख प्रजाति रेडपान्डा (हाब्रे) र थारको संरक्षणका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न सङ्घ, प्रदेश, स्थानीय तहका सरकार, संरक्षण साझेदार संस्था, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्र र अन्य सरोकार भएका निकायहरूसँग सहकार्य गर्ने घोषणा गरिएको छ।

किरात संस्कृति तथा मुन्दुमी सभ्यताको संरक्षण एवं प्रवद्र्धन, मुन्दुम ट्रेल (पदमार्ग)सँग जोड्न रेडपान्डा–थार पदमार्ग तथा अन्य ऐतिहासिक–सांस्कृतिक पदमार्गहरूको विकास गर्ने, प्रकृति र संस्कृतिबीचको अन्तरसम्बन्धलाई सुदृढीकरण गर्न प्रशिक्षण तथा समुदायमा आधारित होमस्टे (घरबास) कार्यक्रम सञ्चालन गरेर पर्यापर्यटन प्रवद्र्धन गर्नेलगायत विषयमा प्रतिबद्धता प्रकट गरिएको छ। त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक डा नेत्र एटमले पछिल्ला समय प्रविधिको विकाससँगै जलवायु परिवर्तनको असर बढेकाले हिमश्रृङ्खला पग्लने क्रम विकास भएको बताउँदै यसले समग्र जीव, प्राणी, वनस्पतिको विकासमा समस्या ल्याउने तथा अस्तित्व सङ्कटमा पुग्न सक्ने बताए। उनले यस सङ्कटलाई न्यूनीकरण गर्न परम्परागत ज्ञान, सीप र अभ्यासलाई आधुनिक प्रविधिसँग संयोजन गर्नुपर्ने बताउँदै उनले भने, 'विशिष्ट भौगोलिक परिवेश, उचाइगत विविधता र जलवायु विविधताका कारण वन, घाँसेमैदान, सिमसार क्षेत्र र कृषि प्रणालीमा समेत समस्या आउँछ, लोपोन्मुख वन्यजन्तुको संरक्षणमा चुनौती थपिएको छ।'

जैविक विविधता महासन्धिअनुसार पृथ्वीको जल, स्थल र आकाशमा आफ्नो जीवनयापन गर्ने सम्पूर्ण जीवजन्तु, वनस्पति र मानवबीचको सहअस्तित्व तथा अन्तरसम्बन्धमा रहेको विविधतालाई जैविक विविधता भनिएको छ। स्थलीय, जलीय, सामुन्द्रिक, सिमसार, मरुभूमि, हिमवत् क्षेत्र र पारिस्थितीय पद्दतिअन्तर्गत सम्पूर्ण जीव, जीवाणु र तिनीहरूको आनुवांशिकताबीचको भिन्नतालाई जैविक विविधताका रूपमा लिइएको छ। राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना (सन् २०१४–२०२०) अनुसार नेपालमा एक सय १८ वटा पारिस्थितिक प्रणालीको पहिचान गरिएकामा ८० पारिस्थितिक प्रणाली संरक्षण क्षेत्रमा पाइन्छन्। एकआपसमा प्रजनन गर्न सक्ने क्षमता भएका प्राणी तथा वनस्पतिको समूहलाई प्रजाति भनिन्छ। प्राणी तथा वनस्पतिका भिन्न प्रजातिको अस्तित्वलाई प्रजातिगत विविधता भनिन्छ। 'जीन'को विविध किसिमलाई आनुवांशिक–वंशाणुगत विविधता मानिएको छ। एकपटक लोप भएको आनुवांशिक पदार्थ पुनः प्राप्त गर्न नसकिने हुँदा जीवको अस्तित्व लोप भएर जान्छ।

विश्वमा पाइने कुल वनस्पति प्रजातिको ३.२ प्रतिशत तथा कुल प्राणी प्रजातिको १.१ प्रतिशत नेपालमा पाइन्छ भने कुल स्तनधारीको ५.२ प्रतिशत प्रजाति नेपालमा पाइन्छ। मुलुका करिब तीन सय प्रजातिका फूल फुल्ने वनस्पति तथा १४ प्रजातिका घस्रने रैथाने प्रजाति भएको बताइएको छ। जैविक विविधताको आर्थिक, सामाजिक, वातावरणीय, मानवीय तथा अन्य आयामसँग सहसम्बन्धित रहेकाले यसले पृथ्वीमा जैविक कार्यप्रणाली र जैविक वस्तुको दिगोपन एवं निरन्तरताका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान (नास्ट)का उपकुलपति दिलीप सुब्बाले बताए। मानव समुदायका लागि गास, बास र कपास जैविक विविधताकै उपज हुन्। दिगो विकास तथा पर्यटनको आधार मान्न सकिन्छ। वन्यजन्तु, जङ्गली जनावरका समस्या पहिचान गरी पूर्वसूचना प्रणाली, उपयुक्त छेकबार, समुदायमा आधारित बीमा एवं क्षतिपूर्ति प्रणाली, वन्यजन्तुबाट कम हानि–नोक्सानी हुने खेतीबाली तथा सामुदायिक द्रुत प्रतिकार्य टोली स्थापना गर्न सकेमा मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापन सम्भव छ। हिमाली जैविक विविधताको संरक्षण, संवद्र्धन र ज्ञान अभिवृद्धिको सन्देश प्रवाह गर्ने उद्देश्यले नेपाल र भारतका साहित्यकारको समूहले खोटाङको चखुवादेखि भोजपुरको टेम्केडाँडासम्म सम्मेलनका क्रममा पदयात्रा गरेका थिए।

नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव धनप्रसाद सुवेदी नेतृत्वको उक्त प्रतिनिधिमण्डलले करिब १५ किलोमिटर दूरीको पदयात्राका क्रममा स्वरोजगार, स्थानीय सीप र रैथाने सामग्रीको प्रयोग तथा पर्यटन प्रवद्र्धनमा सन्देश प्रवाह गरिएको थियो। पहिचान भएका वन्यजन्तुको अनुगमन तथा आहार–बिहारसम्बन्धी प्रभावकारी अध्ययन अनुसन्धानबारे प्रचारप्रसार गरिएको थियो। देशको विविधतायुक्त भौगोलिक अवस्थितिका कारण नेपालका हिमाल, पहाड, तराईका फरक हावापानी, तापक्रम पाइने भएकाले पनि विश्वमा जैविक विविधतामा सम्पन्न छ। समुन्द्र सतहदेखि तीन हजार ११५ मिटर अग्लो टेम्केडाँडा आसपास क्षेत्रको पदयात्रा गर्दा गुरा, चाप, कलकल बगेका झरना, प्रकृति, हावापानीले यात्रीलाई आनन्दको अनुभूति गराएको छ। विभिन्न स्थानका विविध प्रकारका जलवायुमा पाइने वनस्पति तथा वन्यजन्तुले उपयुक्त बासस्थान पाएका छन्। यहाँबाट विश्वको सर्वोच्च शिखर सगरमाथा नजिकबाट अवलोकन गर्न सकिन्छ।

सम्मेलनमा साहित्यकार नगेन्द्र रेग्मीले प्रकाशन गरेको तुल्सीलाल स्मृति ग्रन्थ विमोचन गरिएको जैविक विविधता संरक्षण र दीर्घकालीन योजना निर्माण, लोपोन्मुख वन्यजन्तु संरक्षित क्षेत्र र प्राथमिकतामा राख्नुपर्नेमा समीक्षा गरिएको थियो। छिमेकी राष्ट्र भारतका वरिष्ठ साहित्यकार जीवन राणाले विमोचन गरेको उक्त पुस्तकमा साहित्यिक, ऐतिहासिक, राजनीतिक, सामाजिक, आर्थिक विकासका बारे समावेश गरिएको छ। साहित्यिक सङ्गोष्ठिमा कविहरूले रचनामार्फत कार्वन व्यापारको अवधारणाबाट अधिकतम् लाभ हासिल गर्न, कृषिजन्य तथा पशुजन्य उत्पादन प्राप्त गर्न, जडीबुटी तथा औषधिजन्य पदार्थहरू प्राप्त गर्न जैविक विविधताको संरक्षण गर्नुपर्ने विचार व्यक्त गरे। विश्वमा जलवायु परिवर्तनका कारण आएका सामाजिक, आर्थिक, मनोवैज्ञानिक, वातावरणीय परिवर्तनका कारण वन्यजन्तु र जैविक विविधता सङ्कटमा पर्दै गएकाले समस्या समाधानका विकल्प पहिचान गर्न नेपाल र भारतका साहित्यकारले कविता वाचनसमेत गरेका थिए। लोपोन्मुख वन्यजन्तु रेडपाण्डा र थारको बाँसबाट बनाइएका कलात्मक चित्र आकर्षणको केन्द्र बनेको सम्मेलनमा संरक्षणसम्बन्धी सडक नाटक प्रदर्शन गरिएको थियो।

सरकारको १०० पर्यटकीय गन्तव्य सूचीमा पर्ने 'मुन्दुम ट्रेल' पदमार्ग नजिकको जङ्गलमा रेडपाण्डा पाइने भएकाले 'मुन्दुम ट्रेल–रेडपाण्डा–थार रुट' पदमार्ग प्रवद्र्धन गर्ने नगरपालिकाको योजना छ। राजनीतिज्ञ विष्णु आभूषणले नेपाल जैविक विविधताको दृष्टिले सम्पन्न मुलुक भए पनि विश्वव्यापी रूपमा जैविक विविधताको विनास द्रुतगतिमा अघि बढिरहेको बताउँदै दीर्घकालीन योजना निर्माण, लोपोन्मुख वन्यजन्तु प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए। उनका अनुसार बढ्दो जनसंख्या, अव्यवस्थित बसोबास, सहरीकरण, औद्योगीकरण, पेट्रोलियम पदार्थको अत्यधिक खपत, कृषि क्षेत्रमा रासायनिक प्रयोगमा अत्यधिक वृद्धिले पर्यावरण तथा उपभोग्य वस्तुमा पाइने विषादीका कारण जैविक विविधता सङ्कटमा परेको पाइएको छ। अतिवृष्टि, अनावृष्टि, दैवी प्रकोप प्राकृतिक तथा मानवीय कारणहरूले गर्दा जैविक प्राणीहरूको बासस्थान तथा खाद्यान्नको अभाव हुँदै आएको छ। मानवीय गतिविधि तथा प्राकृतिक विपद्का कारण केही वनस्पति तथा वन्यजन्तु दुर्लभ र लोपोन्मुख अवस्थामा पुगेका छन्। विश्वको लोपोन्मुख वन्यजन्तुमा पर्ने खोटाङमा रहेको पुष्टि भएपछि 'समुदायमा आधारित रेडपाण्डा 'समुदायमा आधारित रेडपाण्डा संरक्षण कार्यक्रम' सञ्चालन गरिएको छ।

किरात समुदायको उद्गमस्थल हलेसीस्थित तुवाचुङ–जायजुम हुँदै मध्यपहाडी लोकमार्ग सडकखण्डको हुर्लुङदेखि रूपाकोटबाट बगेरभञ्ज्याङ, सिकुरीभञ्ज्याङ, साप्सुढाप, मेरुङ हुँदै मुन्दुम ट्रेल जोड्ने पदमार्गलाई 'मुन्दुम ट्रेल रेडपाण्डा–थार रुट' नामकरण गरिएको छ। स्थानीयस्तरमै रोजगारी सृजना गर्ने उद्देश्यसहित बाँस तथा बाँससम्बन्धी उद्योगको प्रवद्र्धन कार्यसमेत सञ्चालित छन्। बाँसबाट बनाइएका कलात्मक वस्तुले पनि यहाँको सौन्दर्य थपेको छ। स्थानीयस्तरमा बाँसलाई भवन निर्माण, हस्तकला, व्यावसायिक उत्पादन तथा वातावरणमैत्री बनाउन, बाँससम्बन्धी सीप विकास, प्रविधि विस्तार र उद्यमशीलता प्रोत्साहनमा सहयोग गरेको नगरपालिकाले बाँस तथा बाँसजन्य सामग्रीको प्रवद्र्धन एवं नीति निर्माणका लागि पहल गरेपछि सहरी विकास मन्त्रालयबाट बाँसका संरचना निर्माणसम्बन्धी मार्गदर्शन स्वीकृत भएको छ। संरचना निर्माणमा मितव्ययिता अपनाउन प्राविधिक विवरण रहेको मार्गदर्शनमा भूकम्प प्रतिरोधी, वातावरणमैत्री, घरका नमूना डिजाइनसमेत समावेश गरिएका छन्।

नेपालमा ७५ प्रकारका वनस्पति वर्ग, ३५ प्रकारका वन, वनस्पति र प्राणी १० हजार बढी प्रजाति पहिचान भएका छन्। बीसवटा संरक्षित क्षेत्र, १० अन्तरराष्ट्रिय महत्वका सिमसार क्षेत्र, ११ वनस्पति उद्यान, २३ हजारभन्दा बढी सामुदायिक वन र १० हजारभन्दा बढी अन्य समुदायमा आधारित वनमा लाखौं प्रजातिका जैविक विविधता पाइने जनाइएको छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# यस पटकको निर्वाचनप्रति कसैको 'सिकायत' रहेन



**काठमाडौं ।**
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले गत फागुन २१ गते सम्पन्न निर्वाचनका विषयमा राजनीतिक दल र उम्मेदवारबाट अहिलेसम्म कुनै पनि गुनासो नआएको बताएका छन् ।
राष्ट्रिय समाचार समिति (रासस) द्वारा तयार पारिएको प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ सम्बन्धी सम्प्रेषित समाचार सामग्रीसहितको प्रतिवेदन बुधबार ग्रहण गर्दै उनले निर्वाचन सम्पन्न गर्न तदारुकता र इच्छाशक्तिसँगै समय र मौसमलगायत परिस्थितिले पनि साथ दिएको स्पष्ट पारे ।
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले भने, 'प्रतिनिधिसभा सदस्य निर्वाचनको उम्मेदवारी दर्तादेखि मतगणनासम्मका सबै कार्यक्रम शान्तिपूर्ण र उत्साहजनक रूपमा सम्पन्न भयो । पुनः मतगणना, बदर र पुनः निर्वाचनको 'सिकायत' कहीँ कतै भएन ।'
निर्वाचनका सन्दर्भमा आयोग र राससबीच अत्यन्त नजिक रहेर सहकार्य भएको प्रसङ्ग उल्लेख गर्दै कावा प्रमुख निर्वाचन आयुक्त भण्डारीले भने, 'नेपालको भरपर्दो समाचार सम्प्रेषण गर्ने व्यावसायिक संस्थाका रूपमा रासस रहेको छ ।' राससले निर्वाचनको माहौल सिर्जना गर्न अहम् भूमिका निर्वाह गरेको उल्लेख गर्दै उनले राससबाट निर्वाचनका सन्दर्भमा भएको कार्यसम्पादनप्रति आयोग सन्तुष्ट रहेको बताए ।
शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गर्नका लागि सञ्चारमाध्यमको पनि अहम भूमिका हुने भन्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले भने, 'पहिलेका निर्वाचन पनि हामीले देखे भोगेकै हौँ, चुनाव भन्यो कि शान्ति सुरक्षाको कुरा आइनै हाल्छ, तर यस पटक सबैतिरबाट यस्तो वातावरण बन्न सक्यो कि चुनावका लागि बन्दुक त के लौरो उठाउनुपर्ने अवस्था पनि आएन । यसका लागि निर्वाचन आयोग सबैप्रति कृतज्ञ छ ।'
राससका अध्यक्ष उदय राना मगरले निर्वाचनका सम्बन्धमा निर्वाचन आयोग र राससबीच भएको सम्झौता र समन्वय बमोजिम नै कार्य जिम्मेवारी पूरा गरिएको जानकारी गराउँदै समाचारका माध्यमबाट निर्वाचनको वातावरण तयार पार्ने काममा राससले सकारात्मक भूमिका निर्वाह गरेको बताए ।
महाप्रबन्धक सन्दीप राईले राज्यले तोकिएकै समयमा निर्वाचन सम्पन्न गर्ने कामलाई प्रमुख प्राथमिकता दिएकाले सोही गतिका साथ राससले पनि कार्यसम्पादन गरेको चर्चा गरे ।
सो अवसरमा निर्वाचन आयुक्तद्वय डा जानकीकुमारी तुलाधर र सगुन शम्शेर जबरा, आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराई, राससका प्रबन्ध सम्पादक उत्तम सिल्वाल, निर्वाचन डेस्क प्रमुख तथा प्रमुख समाचारदाता एकराज पाठक, आलेख समाचार प्रमुख कृष्ण अधिकारी, प्रधानसम्पादक एवं प्रशासन प्रमुख शीतलप्रसाद महतो, लेखा प्रमुख रुद्रमणि अधिकारी, खोजी समाचार प्रमुख नारायणप्रसाद न्यौपानेलगायत उपस्थित थिए ।रासस

# सबैलाई साथमा लिएर महाधिवेशन सफल बनाइने



**मोरङ ।**
नेपाली कांग्रेसका सभापति गगन थापाले १५औँ महाधिवेशन सफल बनाउन सबैलाई साथ लिएर अघि बढ्ने बताएका छन् । बुधबार विराटनगर विमानस्थलमा सञ्चारकर्मीहरुसँग कुरा गर्दै उनले त्यसका लागि सबै साथीहरुसँग संवादमा रहेको बताए । सभापति थापाले नेपाली कांग्रेस सङ्घीय संसदमा प्रतिपक्षमा रहे पनि सात प्रदेश र स्थानीय निकायमा अग्र स्थानमा रहेकाले पार्टीको काँधमा ठुलो जिम्मेवारी रहेको बताए ।
पार्टीको केन्द्रीय समितिको निर्णयले वर्तमान सरकारप्रति मुलुकमा सुशासन कायम गर्ने तथा संविधानको कार्यान्वयनलगायत जनतासँग सम्बन्धित विषयमा सहयोग रहने उनको भनाइ छ । रासस

# गृहमन्त्रीद्वारा राजीनामा घोषणा

**काठमाडौं ।**
गृहमन्त्री सुधन गुरुङले पदबाट राजीनामा दिएको घोषणा गरेका छन् । उनले बुधबार राजीनामाको घोषणा गर्दै सामाजिक सञ्जालमा लेखेका छन्, मसँग सम्बन्धित विषयमा निष्पक्ष छानबिन होस् र पदमा रहँदा 'स्वार्थको द्वन्द्व' नदेखियोस् र त्यसमा कुनै असर नपरोस् भन्ने उद्देश्यले मैले आजकै मितिदेखि लागू हुने गरी गृहमन्त्री पदबाट राजीनामा दिएको छु ।
पछिल्ला दिनहरूमा नागरिक स्तरबाट आफ्नो शेयरलगायत विषयमा उठेका प्रश्न, टिप्पणी र जनचासोलाई गम्भीर रूपमा लिएको उनले जनाएका छन् । गुरुङ गत चैत १३ गते गृहमन्त्रीमा नियुक्त भएका थिए ।
उनले भनेका छन्, मैले आफ्नो तर्फबाट नैतिक जिम्मेवारी निर्वाह गरेको छु । अब मेरो अपिल छ, प्रिय सञ्चारकर्मी मित्रहरू, आम नेपाली दाजुभाइ, दिदीबहिनी र युवाहरू, यदि हामी साँच्चै परिवर्तन चाहन्छौँ भने सत्य, इमानदारी र आत्मशुद्धिको बाटोमा सबै उभिनैपर्छ ।रासस

# विद्यार्थी संगठन खारेजी निर्णयप्रति आपत्ति



**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेता पूर्णबहादुर खड्का ले विद्यार्थी संघ–संगठन तथा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) खारेज गर्ने सरकारी निर्णयप्रति गम्भीर आपत्ति जनाएका छन् । उनले उक्त कदमलाई लोकतान्त्रिक मूल्य–मान्यता विपरीत र अधिनायकवादी प्रवृत्तिको संकेतका रूपमा व्याख्या गरेका छन् । खड्काले मंगलबार जारी गरेको वक्तव्यमा नेपालको राजनीतिक इतिहासमा विद्यार्थी आन्दोलनको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना सम्म आइपुग्दा विद्यार्थीहरूको योगदान अविस्मरणीय रहेको बताएका छन् । उनले निर्दलीय पञ्चायती व्यवस्थाको समयमा राजनीतिक दलमाथि प्रतिबन्ध हुँदा पनि विद्यार्थी संगठनहरूले लोकतन्त्रको पक्षमा जनचेतना फैलाएको स्मरण गरेका छन् ।
उनका अनुसार २०३६÷०३७ सालको विद्यार्थी आन्दोलन, २०४६ को जनआन्दोलन तथा २०६२÷०६३ को ऐतिहासिक आन्दोलनमा विद्यार्थीहरूको सक्रिय सहभागिताले वर्तमान राजनीतिक व्यवस्था स्थापना सम्भव भएको हो । वक्तव्यमा उनले वर्तमान सरकारले लोकतान्त्रिक स्वतन्त्रताको उपयोगबाट उदाएका युवा नेतृत्व बालेन शाहलाई स्थापित गर्ने वातावरण बनेको भए पनि सोही सरकारले विद्यार्थी संगठनमाथि प्रहार गर्नु विरोधाभाषपूर्ण रहेको उल्लेख गरेका छन् ।
खड्काले विद्यार्थी संगठनहरूलाई केवल राजनीतिक आस्थासँग जोडिएका संस्था मात्र नभई शैक्षिक क्षेत्रका विकृति र विसंगतिविरुद्ध आवाज उठाउने वैधानिक निकायको रूपमा वर्णन गरेका छन् । स्ववियुमार्फत विद्यार्थीहरूले नीति निर्माणमा सहभागिता र नेतृत्व विकासको अवसर पाउँदै आएको उनले बताए ।
उनले संगठनभित्र देखिएका कमजोरी सुधार्नुपर्नेमा जोड दिँदै त्यसका लागि सम्बन्धित पक्षसँग संवादमार्फत समाधान खोज्नुपर्ने धारणा राखेका छन् । समग्र संरचना नै खारेज गर्ने निर्णय संविधानले दिएको संगठित हुने मौलिक अधिकारको उल्लंघन भएको उनको भनाइ छ । अन्त्यमा खड्काले सरकारलाई उक्त निर्णय तत्काल फिर्ता लिन र विद्यार्थी संगठनहरूको गरिमा कायम राख्न आग्रह गरेका छन् । अन्यथा, लोकतन्त्रको रक्षाका लागि विद्यार्थीहरू पुनः आन्दोलनमा उत्रिन सक्ने चेतावनी समेत दिएका छन् । रासस

# नेकपाको स्थापना दिवसः जनसेवामा लाग्ने नेताहरूको प्रतिबद्धता



**काठमाडौँ ।**
नेपालमा आजैका दिन २००६ वैशाख ९ गते पुष्पलाल श्रेष्ठको अगुवाइमा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) अहिले विभिन्न समूह र नाममा विभाजित रहेको छ । नेकपाको संस्थापकमा निरञ्जनगोविन्द वैद्य, नरबहादुर कर्माचार्य, नारायणविलास जोशी र मोतीदेवी श्रेष्ठ संस्थापक रहेको थियो । विश्व कम्युनिष्ट आन्दोलनको घोषणापत्रलाई नेपालीमा अनुवाद गर्ने पुष्पलाल श्रेष्ठले स्थापना गरेको कम्युनिष्ट पार्टी विभिन्न नाम र समूह टुटफुट र एकताको चरणबाट अघि बढ्दै आएको छ ।
मुलुकमा कम्युनिष्ट पार्टी विभाजित हुँदा गत फागुन २१ गतेको प्रतिनिधि सभाको निर्वाचनमा ठूलो क्षति व्यहोर्नुपरेको छ । विसं २०७४ को निर्वाचनमा झण्डै दुई तिहाइ सिट नजिक रहेको कम्युनिष्ट पार्टी अहिले ३२ सिट प्राप्त गरेका छन् ।
एमाले प्रत्यक्षमा नौ सिटसहित २५ सिट नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले प्रत्यक्षमा आठ स्थानसहित १७ सिट प्राप्त गरेका छन् । यही पृष्ठभूमिमा आज नेकपा (एमाले) एवं नेकपालगायत पार्टीले ७७ औँ स्थापना दिवस मनाएर निर्वाचनको गम्भीर समीक्षासहित आफूहरू सच्चिएर जाने प्रतिबद्धता व्यक्त गरेका छन् ।
नेकपाकै अग्रणीधारका रूपमा एमाले, नेकपा, नेकपा (माले)लगायत कम्युनिष्टका प्रमुख पार्टी मुलुकका क्रियाशील रहेका छन् । विसं २०७४ को निर्वाचनमा एमाले र तत्कालीन माओवादी केन्द्रबीच चुनावी तालमेल हुँदा झण्डै दुई तिहाइको जनमत हासिल मात्र भएन २०७५ जेठ ३ गते पार्टी एकता पनि भयो तर त्यो लामो समय टिक्न सकेन ।
तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले तत्कालीन नेकपाभित्रको विवादका बीच प्रतिनिधिसभा विघटन गरेपछि विभाजित हुन पुगेको नेकपा पछि सर्वोच्च अदालतको फैसलासँगै पूर्ववत् पार्टीमा फर्किएका थिए । एमाले र माओवादी केन्द्रले पालैपालो नेपाली कांग्रेससँग तालमेल सत्ता गठबन्धन गरेपछि कम्युनिष्टहरूबीच फाटो बढ्दै गयो । यहीबीचमा एमालेबाट विभाजित भएको माधवकुमार नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) अहिले पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको नेकपामा एकीकृत भएको छ ।
नेकपाको ७७ औँ स्थापना दिवसका अवसरमा बुधबार पार्टी केन्द्रीय कार्यालय, च्यासलमा आयोजित कार्यक्रममा नेकपा (एमाले) का नेताहरूले निर्वाचनको पराजयलाई स्वीकार गर्दै आफूहरू जनताको बीचमा गएर थप मेहनत गर्ने बताएका छन् । सो पार्टीका उपाध्यक्षद्वय रामबहादुर थापा 'बादल' र विष्णुप्रसाद पौडेल, महासचिव शङ्कर पोखरेललगायत नेताले जनतासँग नजिक भएर पुनः राष्ट्रिय राजनीतिमा स्थापित हुने बताएका छन् ।
उपाध्यक्ष बादलले नेपालमो समाजवादी आन्दोलनले गम्भीर धक्का खाएको विषयमा आफूहरूले समीक्षा गर्ने अहिलेको पराजयलाई विजयमा रूपान्तरण गर्न एकताबद्ध हुने नयाँ सङ्कल्प गरेर अघि बढ्ने बताएका छन् । विसं २००६ सालमा सानो बिरुवाका रूपमा रोकिएको नेकपा आज विशाल वृक्षमा रूपान्तरित भएको र जनतामा कम्युनिष्टधारको मूल धार एमाले हुन सकेको बताएका छन् ।
उपाध्यक्ष पौडेलले जनताको बहुदलीय जनवादले एकपटक मात्र होइन, बारम्बर जनताको विश्वास जितेर अघि बढ्नुपर्ने मर्म रहेको उल्लेख गर्दै निरन्तर जनतामा जाने र जनताबाट अनुमोदित हुनुको विकल्प नभएको बताए ।
महासचिव पोखरेलले पार्टीको विधानमा युवा र महिलालाई नेतृत्वमा आरक्षणको पहिलो अभ्यासकर्ता आफ्नो पार्टी भए पनि त्यो वर्गको विश्वास लिन र सामाजिक सञ्जालको दुरूपयोगलाई रोक्ने सही मनसायलाई युवामाझ बुझाउन नसकिएको बताएका छन् । हामी यसबीचमा सत्तामुखी र केन्द्रमुखी भएछौँ भन्ने बुझ्नुपर्छ । आफूलाई सच्याउन जनतातिर फर्कनुपर्छ । हामीले गरेका राम्रा कुराहरूलाई पनि जनताका बीचमा लान नसकेको कुरा स्वीकार्नै पर्छ । पार्टीका सचिव पद्मा अर्यालले स्थापना दिवसको कार्यक्रममा अध्यक्ष केपी शर्मा ओली आउने तयारी भए पनि स्वास्थ्यलाभ गरिरहनुभएका कारण आउन नसक्नुभएको जानकारी दिएका छन् ।
विसं २०४७ मा माले र नेकपा (माक्र्सवादी)बीच एकीकरण गरेर बनेको एमाले २०५४ सालमा विभाजन भएको थियो । तत्कालीन एमालेका नेता वामदेव गौतमले एमालेबाट अलग भई माले गठन गर्नुभएको थियो । पछि नेता गौतम सहितलगायत सबै ठूला नेता एमालेमा मिसिए पनि सिपी मैनाली आएन । उनले माले पार्टीको नेतृत्व गरिरहेको छ । गौतम अहिले प्रचण्ड नेतृत्वको नेकपामा पुगेका छन् ।
अहिले प्रचण्ड नेतृत्वको नेकपा (माओवादी केन्द्र) माधवकुमार नेपालको नेतृत्वमा नेकपा (एकीकृत समाजवादी), वामदेव गौतम नेतृत्वको नेकपा एकता राष्ट्रिय अभियान र रन्जिता श्रेष्ठले नेतृत्व गरेको नागरिक उन्मुक्ति पार्टी मिलि नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बनेको छ । यति धेरै पार्टी मिलेको पार्टीले पनि निर्वाचनमा राम्रो स्थान ल्याउन सकेन ।
यस्तै नेकपा (माओवादी केन्द्र)बाट अलग भएर नेता मोहन वैद्य, डा बाबुराम भट्टराई, नेत्रविक्रम चन्द्र लगायतले पनि अलग पार्टी गठन गर्नुछ । यस्तै तत्कालीन माओवादी केन्द्रबाट अलग रहेका पूर्व प्रधानमन्त्री डा बाबुराम भट्टराई र पूर्वअर्थमन्त्री जनार्दन शर्माले प्रगतिशिल लोकतान्त्रिक पार्टी गठन गरेका छन् । उता मोहनविक्रम सिंहले नेकपा (मसाल) र राष्ट्रिय जनमोर्चा तथा नारायणमान विजुक्छेले मजदुर किसान पार्टी गठन गरेर नेतृत्व गरिरहेका छन् ।
नेपालमा २०५१ सालमा पहिलो पटक कम्युनिष्ट नेता मनमोहन अधिकारी प्रधानमन्त्री बने । तत्कालीन एमाले संसद्को ठूलो दलको हैसियतमा पार्टीका अध्यक्ष अधिकारी प्रधानमन्त्री बनेको हो । त्यसपछि एमालेबाट माधवकुमार नेपाल, झलनाथ खनाल र केपी शर्मा ओली प्रधानमन्त्री बनिसकेका छन् । यस्तै नेकपा (माओवादी केन्द्र)बाट दाहाल र डा बाबुराम भट्टराई प्रधानमन्त्री बनेका छन् । यस्तै कम्युनिष्ट पार्टीबाट विद्यादेवी भण्डारी मुलुकको राष्ट्रपति समेत बनेकी छिन् । एमालेका पूर्वउपाध्यक्ष भण्डारी गणतन्त्र नेपालको दोस्रो राष्ट्रपति बनेकी हुन् ।रासस

# वामपन्थी शक्तिबीच एकता आवश्यक छः प्रचण्ड




**काठमाडौं ।**
नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले समाजमा भइरहेका सबैखाले विभेदको अन्त्य गरी समतामूलक समाज निर्माण गर्न वामपन्थी शक्तिबीच एकता आवश्यक भएको बताएका छन् ।
नेपाली कम्युनिष्ट पार्टीको ७७औँ स्थापना दिवसका अवसरमा बुधबार शुभकामना सन्देश जारी गर्दै उनले कम्युनिष्ट आन्दोलनले मात्र उपेक्षित र उत्पीडित समुदायहरूको अधिकार र राष्ट्रिय स्वाधीनताको संरक्षण गर्न सक्ने बताएका छन् ।
नेपाली कम्युनिष्टहरूको काँधमा विगतका बलिदानीपूर्ण सङ्घर्षका उपलब्धि रक्षा गर्दै आम गरिब किसान तथा श्रमजीवी जनताको पक्षमा क्रान्ति अगाडि बढाउने जिम्मेवारी अझ बढेको छ, उनले सन्देशमा भनेका छन् ।
संयोजक दाहालले जनताको सङ्घर्षबाट प्राप्त उपलब्धिको रक्षा र विकास गर्न, शान्ति सम्झौता र लोकतान्त्रिक गणतन्त्रका पक्षधर सम्पूर्ण शक्तिबीच मोर्चाबन्दी अपरिहार्य रहेकामा जोड दिएका छन् ।रासस

# कानुनी परिपालना गर्न विभागको निर्देशन

**काठमाडौं ।**
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मतहतको श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले औद्योगिक एवं प्रतिष्ठानहरूलाई कानुनको पालना गरी तत्काल सुधार गर्न निर्देशन दिएको छ ।




व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र र श्रम तथा रोजगार कार्यालयले ३२ वटा औद्योगिक एवं व्यावसायिक प्रतिष्ठानमा अनुगमनका क्रममा देखिएका समस्या सुधार्न निर्देशन दिएको हो । रोजगार कार्यालयहरूबाट २७ प्रतिष्ठान र विभागबाट गठन भएका दुई टोलीबाट पाँच प्रतिष्ठानमा अनुगमन गरिएको थियो ।
विभागका प्रवक्ता मणिनाथ गोपका अनुसार अनुगमनका क्रममा केही प्रतिष्ठानमा न्यूनतम पारिश्रामिकको कार्यान्वयन नभएको, नियमित श्रम अडिट नभएको, सामाजिक सुरक्षा कोषमा सूचीकरण नभएको लगायत समस्या पहिचान भएका छन् । त्यस्ता प्रतिष्ठानलाई श्रम ऐन, २०७४ तथा श्रम नियमावली, २०७५ र प्रचलित कानूनको परिपालना गरी तत्काल सुधार गर्न निर्देशन दिइएको उनले बताए ।
श्रम ऐन तथा नियमावली र प्रचलित कानुनको पालना भए नभएको सम्बन्धमा गरिएको अनुगमनका क्रममा विशेषगरी नेपाल सरकारबाट तोकिएको न्यूनतम पारिश्रामिकको कार्यान्वयनको अवस्था, व्यवसायिक सुरक्षा तथा स्वास्थ्यको अवस्था, बाल श्रमको अवस्था, सामाजिक सुरक्षा कोषमा आबद्धताको अवस्था, नियमित श्रम अडिट भएरनभएको अवस्था लगायत विषयमा निरीक्षण भएको विभागले जनाएको छ ।रासस

# कफी खेती अवलोकन गर्न कृषक महाभारतमा



**धुलिखेल ।**
काभ्रेपलाञ्चोकको डाँडापारिस्थित महाभारत गाउँपालिका–४ र ५ मा भइरहेको कफी खेतीको गण्डकी प्रदेशअन्तर्गत कास्कीको अन्नपूर्ण गाउँपालिकाका कृषकहरुले अवलोकन गरेका छन् । अन्नपूर्ण गाउँपालिका–१ भूगाईथरस्थित माछापुच्छ्रे उत्तम कफी उत्पादक सहकारी संस्था लिमिटेडका अगुवा कृषकको नेतृत्व गर्दै गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीको टोलीले महाभारत गाउँपालिकामा भइरहेको कफी खेतीको अवलोकन गरेका हुन् ।

कफी खेतीको अवलोकन भ्रमणमा सहभागि कास्की जिल्लाका जिल्ला कफी उत्पादक सहकारी सङ्घका अध्यक्ष आनन्द सुवेदीले महाभारत गाउँपालिकाले सुरु गरेको कफी खेती किसानको हितमा रहेकाले यसलाई मध्यनजर गर्दै सरकारले यसको अनुशरण गरेर नेपालका मध्यपहाडी क्षेत्रका जिल्लाहरुमा विस्तार गर्नुपर्ने बताए । सो अवसरमा कृषकहरुसँग भेटघाटपछि महाभारत गाउँपालिकाले कफी खेतीलाई धेरै महत्वका साथ अगाडि बढाएको पाएको कास्कीका अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष केसीले बताए ।

'यहाँका कफी खेतीको अवस्था हेरेपछि गाउँमा बाँझो छोडिएका जमिनमा मात्रै कफी खेती गर्न सकेको खण्डमा विदेश जानु नपर्ने अवस्था बनाउन सकिने रहेछ', उनले भने, 'अरुलाई गालि र आलोचना गर्नुको साटो मेहिनतमा रमाउन सकेको खण्डमा एउटा मान्छेले कतिसम्म गर्न सकिदो रहेछ भन्ने कुरा महाभारतको किसानबाट शिक्षा पाएँ ।'

महाभारत–१ का कफी उत्पादक कृषकहरुले महाभारतको कफी उत्पादनको विषयमा सञ्चारमाध्यममा धेरै आएको पाएपछि अवलोकन भ्रमण गर्न सो ठाउँलाई रोजेको बताएका छन् । महाभारत साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष हस्तबहादुर दर्लामीले महाभारत गाउँपालिकामा भइरहेको कफी खेतीको विषयमा चासोका साथ देशका विभिन्न ठाउँका कृषकले अवलोकन भ्रमण कृषकका लागि खुसीको विषय भएको बताए ।

गाउँपालिकाले अगाडि सारेको 'जसले रोप्छ कफीको बोट, उसले पाउँको रु बीसको नोट' अभियान र पालिका सरकारको दृष्टिकोणअनुसार प्रदेश सरकारसँगको सहकार्यमा 'एक वडा एक उत्पादन' अन्तर्गत कफी खेती अभियानले महाभारतलाई थप उचाईमा पु¥याएको महसुस भएको उनले बताए । महाभारत गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बाले किसानको आर्थिक उत्पादनको अवस्थालाई ध्यानमा राख्दै पालिकाले उत्पादनमा आम्दानीको रुपमा कफीलाई बनाउने उद्देश्यसहित पर्यटकलाई महाभारतमा कफी हेर्न आउने बनाउने लक्ष्यका साथ योजनाबद्ध रुपमा अगाडि सारेको बताए । कफीको बजारलाई हेरेर समृद्धिमा उत्पादनलाई कसरी जोड्ने भन्ने राष्ट्रिय नीतिअनुसार नै किसानको उत्पादनलाई जोड दिएर काम अगाडि बढाइरहेको उनले बताए । त्यससँगै उनले चिया खेती हेर्न इलाम गए जस्तै कफी खेतीको उत्पादन हेर्न महाभारत जाउँ भन्ने नारालाई स्थापित गर्ने गरी काम भइरहेको छ ।

करिब ६० कृषकहरुको अवलोकन भ्रमण टोलीले महाभारत–५ को खोलाघारी, भर्लेनी, मुखियटोल, खेतडाँडा, बार्तली र वडा नं ४ को लामीडाँडा लगायतका ठाउँमा 'एक वडा एक उत्पादन' कार्यक्रम गाउँपालिकाको 'जसले रोप्छ कफीको बोट, उसले पाउँछ रु बीसको नोट' अभियान अन्तर्गत कफी नर्सरी, इजराइली प्रविधिबाट मल्चिङ र थोपा सिँचाइ प्रविधिको कफी खेती, छहा री विधि र पोखरी सिँचाइलगायत खेतीका कार्यक्रमको अवलोकन गरेका थिए । अहिलेसम्ममा गाउँपालिकाको तीन हजार २०० भन्दा बढी रोपनी क्षेत्रफलमा व्यावसायिक कफी खेती विस्तार गरेको छ ।

विसं २०७८ बाट यहाँका कफी खेती गर्ने किसान, कृषि सहकारी र समूहलाई गरी तीन लाख ३१ हजारभन्दा बढी बिरुवा वितरण गरिसकेको छ भने यसवर्ष एक लाख कफीको बोट वितरणका लागि आवश्यक बिरुवा उत्पादन गरिसकेको छ । किसानको उत्साहलाई साथ दिनका लागि पालिकाले अनुदानमा कफीको बोट वितरण, आवश्यक उपकरण वितरण गर्नुका साथै प्रशोधन गर्ने उपकरणहरु वितरणलाई जोड दिँदै आएको छ । उत्पादन र गुणस्तर राम्रो भएको महाभारत गाउँपालिकामा कफीको बजारीकरणसमेत राम्रो भएको तथा यस वर्ष मात्रै ८० टनभन्दा बढी कफी उत्पादन र निर्यात भएको गाउँपालिकाले जनाएको छ । रासस

# कैलाली गहुँ उत्पादन वृद्धि



**कैलाली ।**
कैलाली जिल्लामा यस वर्ष पनि गहुँबालीको उत्पादकत्व प्रतिहेक्टर ४.२ मेट्रि«क टन पुगेको छ । कृषि ज्ञान केन्द्रका सूचना अधिकारी टेकबहादुर विष्टका अनुसार यस वर्ष पनि गत वर्षको जस्तै प्रतिहेक्टर ४.२ मेट्रिक टन उत्पादकत्व रहेको छ । जिल्लाको ३४ हजार ५६५ हेक्टर जग्गामा गहुँखेती गर्ने गरिन्छ ।

बढी जग्गामा गहुँखेती गर्ने जिल्ला कैलाली देशकै पहिलो हो, उत्पादकत्वको दृष्टिमा झापा, मोरङ, सुनसरी, रुपन्देहीपछि कैलाली पर्छ, विष्टले भने, पछिल्लो दशकमा उन्नत बीउबिजनको प्रयोग, रोगकीरा नियन्त्रण, खेती प्रविधिको विकासलगायतमा भएको सुधारले उत्पादकत्व पनि बढेको छ ।

उत्पादन वृद्धि भइरहेको भए पनि किसानले गहुँको उचित मूल्य पाउन नसकिरहेको गुनासो गरेका छन् । गत वर्ष प्रतिक्विन्टल चार हजारमा गहुँ बेचेकामा यस वर्ष योभन्दा कम मूल्यमा बिक्री गर्नुपरेको उनीहरूको भनाइ छ । हाल गहुँ प्रतिक्विन्टल बढीमा रु तीन हजार ८०० मा बिक्री भइरहेको छ । धनगढी उपमहानगरपालिका–१३ का किसान गुलाब रानाथारूले धेरै मिहिनेत गरेर खेती गरे पनि उत्पादन लागतअनुसारको उचित मूल्य नपाउँदा मर्का परेको गुनासो गरे ।

उनले भने, गत वर्षभन्दा कम मूल्यमा गहुँ बिक्री गर्नुपरेको छ, किसानले जहिले पनि कृषि उपजको उचित मूल्य नपाउने समस्या छ । खाद्यको व्यापार गर्दै आएको सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालय धनगढीले गहुँ खरिद गर्न आवश्यक व्यवस्था भइरहेको जनाएको छ । कार्यालय प्रमुख दीपक थापाले सरकारले यस वर्ष गहुँको न्यूनतम समर्थन मूल्य रु तीन हजार ९४५ निर्धाण गरिसकेकाले छिटै गहुँ खरिदको व्यवस्थापन गरिरहेको बताए । उनले भने, यस वर्ष जिल्लामा १० हजार क्विन्टल गहुँ खरिद गर्नुपर्ने कोटा तोकेर आएको छ, जिल्ला खरिद समितिको छलफल र निर्णयपछि आगामी केही दिनभित्रमा गहुँ खरिद गर्न लागेका छौँ ।

जिल्ला खरिद समितिलाई स्थानीय बजारको अवस्था समेतलाई मध्यनजर गरेर तोकिएको न्यूनतम समर्थन मूल्यमा केही थपघट गर्न सक्नेसम्मको अधिकार दिइएको जनाइएको छ । गत वर्ष सरकारले गहुँको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार ८६७ रुपैयाँ ३८ पैसा निर्धारण गरेको थियो । यस वर्ष बाली भित्र्याउने बेलामा भएको वर्षाले जिल्लाको धेरै ठाउँमा काटेर सुकाइराखिएको गहुँबाली भिजेर क्षति पुगेको थियो । रासस

# भारतमा माओवादी अन्त्य, खतरा अझै बाँकी



**लङ्कापल्ली (भारत) ।**
भारतले दशकौँ लामो माओवादी विद्रोह अन्त्य भएको घोषणा गरे पनि त्यसले छाडेको घातक विरासत अझै ग्रामीण जीवनमा गहिरो रूपमा जिउँदै छ । जङ्गलका बाटो, खेत र नदीकिनारमा गाडिएका सयौँ बारुदी सुरुङहरूले अहिले पनि सर्वसाधारण र सुरक्षाकर्मी दुवैलाई निरन्तर जोखिममा राखेका छन् ।

मध्य भारतका विशाल वन क्षेत्रमा माओवादी लडाकूहरूले वर्षौंसम्म दबाबद्वारा सक्रिय हुने इम्प्रोभाइज्ड एक्सप्लोसिभ डिभाइस (आइइडी) गाड्दै आएका थिए । यी विस्फोटकहरू प्रायः माटोका सडकमुनि वा जङ्गली बाटोमा लुकाइन्थे, जसले गर्दा तिनीहरू देख्न र पहिचान गर्न अत्यन्त कठिन हुन्थ्यो । साधारण सामग्री—जिलेटिन, बल बियरिङ र धातुका टुक्राहरू—बाट बनाइए पनि ती अत्यन्त घातक सावित भएका छन् ।

विद्रोहको उत्कर्षमा माओवादीहरूले सन् २००० को दशकको मध्यतिर देशको झण्डै एक तिहाइ भूभागमा प्रभाव जमाएका थिए । उनीहरूले आफूलाई वन क्षेत्रका आदिवासी समुदायका अधिकारका लागि लडिरहेको दाबी गर्थे । तर हालैका वर्षहरूमा भारतीय सुरक्षाबलले सञ्चालन गरेको अभियानपछि सरकार देश माओवादी प्रभावबाट मुक्त भएको घोषणा गर्न पुगेको छ ।

तर जमिनमुनि लुकेका विस्फोटकहरूका कारण खतरा समाप्त भएको छैन । जिल्ला रिजर्भ गार्डमा कार्यरत २३ वर्षीय किशन हाप्काले भने, सैनिकलाई सबैभन्दा ठूलो डर गोली होइन, यी दबाबमा विस्फोट हुने आइइडी हुन्, किनकि कहिले पाइला पर्छ भन्ने थाहा हुँदैन । उनी आफैँ सन् २०२४ मा यस्तै एक विस्फोटमा परेर बायाँ खुट्टा गुमाएका थिए । सो घटनामा अन्य तीन सैनिकको ज्यान गएको उनले स्मरण गरे । अहिले उनी कृत्रिम खुट्टाको सहारामा प्रशासनिक काममा सीमित छन् ।

पहिले माओवादीहरूको बलियो आधारस्थल मानिने छत्तीसगढ राज्यको बस्तर क्षेत्रमा पछिल्लो २५ वर्षमा करिब ५०० सुरक्षाकर्मी यस्ता विस्फोटमा मारिएका छन् भने हजारभन्दा बढी घाइते भएका छन् । यी विस्फोटकहरू मूलतः सुरक्षाबललाई लक्षित गरेर राखिए पनि त्यसको मार स्थानीय आदिवासी समुदायले पनि उत्तिकै भोगेका छन् । तथ्याङ्कअनुसार १५० भन्दा बढी सर्वसाधारणको ज्यान गएको छ भने २५० भन्दा बढी घाइते भएका छन् ।

६५ वर्षीया तामा जोगी पनि यस्तै पीडितमध्ये एक हुन् । गत गर्मीमा उहाँ पशुहरू चराउन जङ्गल गएको बेला, थाहा नपाई विस्फोटकमा पाइला राखे । विस्फोटपछि उनको दाहिने खुट्टा गम्भीर रूपमा क्षतिग्रस्त भयो । "मेरो कानले केही पनि सुन्न छोड्यो र म बेहोस भएँ", उनले सम्झिए । पछि अस्पतालमा होस आउँदा उपचार भइरहेको अवस्था देखेको उनले बताए । चिकित्सकहरूले उनको ज्यान जोगाउन अर्को खुट्टा समेत काट्नुपरेको थियो, जसले गर्दा उनी पूर्ण रूपमा अशक्त बनेका छन् ।

सरकारी नीतिअनुसार कर्तव्यका क्रममा घाइते भएका सुरक्षाकर्मीको मात्र उपचार खर्च व्यहोर्ने व्यवस्था छ । जोगीका परिवारले थप पीडा भोग्नुपरेको छ, किनकि उनका छोरालाई माओवादी सम्बन्धको आरोपमा पक्राउ गरिएको छ, जुन आरोप उनी अस्वीकार गर्छन् । उनी अहिले पनि कारागारमै छन् । "अब कसलाई दोष दिने भन्ने नै थाहा छैन", जोगीले गहिरो निराशा व्यक्त गरे ।

राज्यका अधिकारीहरूका अनुसार यस्ता विस्फोटकहरू अझै व्यापक रूपमा फैलिएका छन् । उपमुख्यमन्त्री विजय शर्माले भने, यी आइइडीहरू पोखरीको छेउ, सडकको किनार, नदीको आसपास—जहाँ पनि गाडिएका हुन सक्छन् । उनका अनुसार दैनिक रूपमा दर्जनौँ विस्फोटक निष्क्रिय पारिँदै छन्, तर समस्या अझै ठूलो नै छ ।

लङ्कापल्ली गाउँका ३५ वर्षीय राजु मोडियमले पनि यसको पीडा भोगेका छन् । जनवरीमा माछा मार्न जाँदा परिचित बाटो रोज्दा आफू सुरक्षित हुने विश्वास उनीमा थियो । तर त्यही बाटोमा लुकेको विस्फोटकमा पाइला परेपछि उनको खुट्टा गम्भीर रूपमा नष्ट भयो । "मैले खुट्टा हेर्दा सबै चिराचिरा भएको थियो, जताततै रगत थियो", उनले भने । उपचारपछि उनेले खुट्टा गुमाए । आर्थिक रूपमा कमजोर उनको परिवार कृत्रिम खुट्टा किन्ने अवस्थामा छैन । उनकी २१ वर्षीया श्रीमती जयम्माले भने, कृत्रिम खुट्टाका लागि चाहिने पैसा हामीसँग छैन । परिवारको जीविकोपार्जन जङ्गलमै निर्भर भएकाले अहिले उनीहरू थप कठिनाइमा परेका छन् । प्रहरीका अनुसार गत वर्ष बस्तर क्षेत्रमा करिब ९०० विस्फोटक फेला पारिएको थियो भने सन् २०२६ को पहिलो तीन महिनामै ३०० बरामद भइसकेका छन् । स्थानीय प्रहरी प्रमुख सुन्दरराज पीका अनुसार अझै क्षेत्रलाई पूर्ण रूपमा आइइडीमुक्त घोषणा गर्ने अवस्था आएको छैन । उनले बस्तरको जटिल भौगोलिक अवस्थाका कारण यस्तो समस्या समाधान गर्न चुनौतीपूर्ण भएको बताए । यद्यपि, सरकारी दाबीअनुसार अधिकांश काम सम्पन्न भइसके पनि स्थानीय बासिन्दाका लागि डर अझै कायम छ । हामी अब जङ्गल जानै डराउँछौँ", मोडियमले भने, यदि फेरि विस्फोटकमा पाइला पऱ्यो भने के हुन्छ भन्ने चिन्ता सधैँ रहन्छ । रासस

# युद्धविराम लम्बिँदा तनाव यथावत्



वासिङ्टन ।
इरानसँगको बढ्दो तनावलाई वार्तामार्फत समाधानतर्फ लैजान अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्धविरामको म्याद अनिश्चितकालका लागि थप गरे पनि मैदानको अवस्था भने अझै अनिश्चित र दबाबपूर्ण देखिएको छ । शान्ति प्रयासलाई समय दिन गरिएको यो निर्णयसँगै कूटनीतिक पहल र सैन्य दबाब सँगसँगै अघि बढाइएको संकेत देखिएको छ ।

अमेरिकी पक्षले पाकिस्तानको मध्यस्थतामा अघि बढिरहेको वार्तालाई थप अवसर दिनुपर्ने आवश्यकता औँल्याउँदै युद्धविरामको समयसीमा पछाडि सारिएको जनाएको छ । ट्रम्पले इरानको नेतृत्वलाई प्रस्ताव तयार गर्न समय दिनुपर्ने उल्लेख गर्दै दुई हप्ताको म्याद सकिन लाग्दा त्यसलाई अनिश्चितकालसम्म विस्तार गरिएको बताएका छन् । यद्यपि, उनले इरानी बन्दरगाहहरूमाथि अमेरिकी नाकाबन्दी भने यथावत् राखिने स्पष्ट पारेका छन्, जुन वार्ताको प्रमुख विवादित विषय बनेको छ ।

सामाजिक सञ्जालमार्फत सार्वजनिक धारणा राख्दै ट्रम्पले इरानले होर्मुज जल डमरूमध्य खुला राख्न खोजेको आरोप लगाए । यस जल डमरूमध्यलाई खुला राख्दा इरानलाई दैनिक करिब ५० करोड डलर आम्दानी हुने दाबी उनले गरे । विश्वको करिब पाँचौँ हिस्सा तेल तथा ग्यास आपूर्ति हुने यो जलमार्गमा अमेरिकी नियन्त्रण कायम राख्नु रणनीतिक रूपमा महत्त्वपूर्ण रहेको उनले जोड दिए । नाकाबन्दी हटाइएको अवस्थामा इरानसँग प्रभावकारी सम्झौता सम्भव नहुने अवस्था आउन सक्ने उनले संकेत दिए ।

यसअघि उनले युद्धविराम विस्तार गर्ने इच्छा नरहेको र समयसीमा सकिएपछि आक्रमण पुनः सुरु हुन सक्ने चेतावनी दिएका थिए । तर पछिल्लो निर्णयमा उनले सेनालाई नाकाबन्दी कायम राख्न र अन्य सबै सम्भावित अवस्थाका लागि तयारी अवस्थामा रहन निर्देशन दिएको बताएका छन् । इरानबाट ठोस प्रस्ताव नआएसम्म युद्धविरामलाई निरन्तरता दिने उनको भनाइ छ ।

युद्धविराम कहिले सकिने भन्ने विषयमा अन्योलकै बीच पाकिस्तानले मङ्गलबार २३५० जीएमटीमा यसको अन्त्य हुने सङ्केत गरेको थियो भने इरानले ०००० जीएमटीमा समाप्त हुने बताएको थियो । तर सो समयसीमा नजिकिँदा कुनै नयाँ सैन्य गतिविधि सार्वजनिक नभए पनि इरानले ट्रम्पको निर्णयबारे औपचारिक प्रतिक्रिया दिएको छैन ।

यसैबीच, पाकिस्तानको पहलमा इस्लामावादमा आयोजना हुन लागेको शान्ति वार्ता पनि अनिश्चित बनेको छ । अमेरिकी उपराष्ट्रपति जेडी भान्सको प्रस्तावित भ्रमण अन्तिम समयमा स्थगित गरिएको पुष्टि ह्वाइट हाउसका एक अधिकारीले गरेका छन् । इस्लामावादमा उच्च सतर्कता अपनाउँदै सरकारी क्षेत्रलाई सुरक्षाकर्मीहरूले घेराबन्दी गरेका छन्, जसले वार्ताको संवेदनशीलता झल्काउँछ ।

पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफले युद्धविराम विस्तारको स्वागत गर्दै अमेरिकी निर्णयप्रति आभार व्यक्त गरे भने संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले पनि यसलाई सकारात्मक कदमको रूपमा लिए । यद्यपि, इरानले भने आफ्नो भूभाग प्रयोग गरी आक्रमण भए खाडी क्षेत्रका तेल पूर्वाधारमा प्रहार गर्ने चेतावनी दिएको छ, जसले तनाव थप बढाएको छ ।

पहिलो चरणको वार्तापछि अमेरिकी पक्षले इरानी बन्दरगाहहरू अवरुद्ध गर्ने घोषणा गरेको थियो । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टका अनुसार केही दिनमै खर्ग टापुमा तेल भण्डारण भरिने र उत्पादन प्रभावित हुने अवस्था आउन सक्छ । उहाँले इरानको समुद्री व्यापार रोकिँदा यसको प्रमुख राजस्व स्रोतमा प्रत्यक्ष असर पर्ने बताए । साथै, प्रतिबन्ध छल्न सहयोग गर्ने कुनै पनि व्यक्ति वा जहाज अमेरिकी प्रतिबन्धको दायरामा पर्ने चेतावनी पनि दिइएको छ ।

अमेरिकी रक्षा मन्त्रालयले पनि 'राज्यविहीन स्वीकृत' जहाजलाई रोकेर त्यसमा प्रवेश गरी नियन्त्रणमा लिएको जनाएको छ, जुन इरानी गतिविधिसँग सम्बन्धित रहेको बताइएको छ । दुवै पक्षले एकअर्कामाथि युद्धविराम उल्लङ्घनको आरोप लगाइरहेका छन्, जसले विश्वासको संकट थप गहिरिएको देखिन्छ । तेहरानका सर्वसाधारणले भने युद्धविराम हुँदाहुँदै पनि जीवन सहज नभएको बताएका छन् । ३९ वर्षीय एक स्थानीय बासिन्दाले 'यो पीडादायी युद्धविरामले जीवन झन् कठिन बनाएको' भन्दै वरपर कसैले पनि सहज अवस्था भोग्न नसकेको बताएका छन् । विज्ञहरूका अनुसार इरानको सार्वजनिक मौनता वासिङ्टनमाथि दबाब सिर्जना गर्ने रणनीति हुन सक्छ ।

विश्लेषकहरूले अहिलेको अवस्था सैन्यभन्दा बढी राजनीतिक सहनशीलता र वार्तामा लाभ लिन खोज्ने प्रतिस्पर्धाको रूपमा विकसित भएको बताएका छन् । अनिश्चितताबीच पनि सम्भावित सम्झौताप्रतिको आशाले अन्तर्राष्ट्रिय बजारमा सकारात्मक संकेत देखिएको छ । यसै सन्दर्भमा मध्यपूर्वको अर्को मोर्चा पनि सक्रिय नै छ । औपचारिक कूटनीति सम्बन्ध नभएका इजरायल र लेबनानबीच बिहीबार वासिङ्टनमा नयाँ वार्ता हुने बताइएको छ । यसअघि दुवै पक्षबीच १० दिने छुट्टै युद्धविराममा सहमति भएको थियो, जसमा इरान समर्थित हिजबुल्लाह पनि समावेश छ ।

तर दक्षिणी लेबनानमा छिटपुट हिंसा जारी छ र इजरायली सेनाले दर्जनौँ गाउँका बासिन्दालाई घर नफर्कन चेतावनी दिएको छ । मंगलबार इजरायलले आफ्ना सेनामाथि हिजबुल्लाहले धेरै रकेट प्रहार गरेको आरोप लगाउँदै त्यसको जवाफमा प्रक्षेपणस्थलमा आक्रमण गरेको जनाएको छ । लेबनानको सरकारी तथ्यांकअनुसार युद्ध सुरु भएदेखि हालसम्म कम्तीमा दुई हजार ४५४ जनाको ज्यान गइसकेको छ । हिजबुल्लाहले पनि उत्तरी इजरायलमा गरेको आक्रमणलाई इजरायलले युद्धविराम उल्लङ्घन गरेपछि गरिएको प्रतिक्रिया भनेको छ, जुन युद्धविरामपछि पहिलो यस्तो दाबी हो । रासस

# कूटनीतिक राहदानी दुरुपयोग रोक्न कडाइ गर्ने सहमति

**काठमाडौँ ।**
सभामुख डोलप्रसाद अर्यालको उपस्थितिमा प्रतिनिधिसभामा प्रतिनिधित्व गरेका सबै दलका प्रमुख सचेतक, सचेतक तथा प्रतिनिधिबीच आज भएको छलफलले कूटनीतिक राहदानीको दुरुपयोग रोक्न कडाइ गर्ने निर्णय गरेको छ ।

साथै छलफलले कूटनीतिक राहदानी सिफारिस तथा प्रयोगमा तत्कालका लागि विद्यमान कानुन कडाइका साथ पालना गर्ने र दीर्घकालीन रूपमा आवश्यक संशोधनतर्फ अघि बढ्ने निष्कर्ष निकालेको छ ।

सभामुख अर्यालले विगतमा सांसदहरूबाट कूटनीतिक राहदानीको दुरुपयोग भएको सन्दर्भ कोट्याउँदै कूटनीतिक राहदानीको दुरुपयोग रोक्न कडाइ गर्नुपर्नेमा जोड दिए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक कविन्द्र बुर्लाकोटीले हालको कानुनी व्यवस्थाअनुसार नै राहदानी प्रयोग गर्नुपर्ने बताए । नेपाली कांग्रेसका सांसद योगेश गौचन थकालीले सांसदहरूलाई सुविधा मात्र नभई क्षमता अभिवृद्धिमा पनि ध्यान दिनुपर्ने धारणा राखे ।

नेकपा (एमाले) का सांसद गुरुप्रसाद बरालले राहदानी दुरुपयोगका कारण देश बदनाम भएको भन्दै यसको ऐतिहासिक पृष्ठभूमि र नीतिगत आधारबारे पुनरावलोकन आवश्यक भएको बताए ।

नेपाली कम्युनिष्ट पार्टीका प्रमुख सचेतक युवराज दुलालले कूटनीतिक राहदानीको प्रयोगमा कडाइ गर्नुपर्ने र विशेषगरी विभिन्न उच्चस्तरीय प्रतिनिधिमण्डलमा संलग्न व्यक्तिहरूमार्फत हुने दुरुपयोग रोक्नुपर्ने बताए ।

अन्य दलका प्रतिनिधिहरूले पनि पार्टीभित्र थप छलफल, परामर्श तथा अन्तरराष्ट्रिय अभ्यास अध्ययन गरेर मात्र दीर्घकालीन निष्कर्षमा पुग्नुपर्ने बताएको सभामुख अर्यालको सचिवालयले जनाएको छ । सङ्घीय संसद्का महासचिव पद्मप्रसाद पाण्डेले सरकारी काममा कूटनीतिक र निजी भ्रमणमा साधारण राहदानी प्रयोग गर्न कुनै जटिलता नभएको बताए ।

परराष्ट्र सचिव अमृत राईले राहदानी ऐन, २०७६ र नियमावली २०७७ अनुसार सरकारी वा विशेष कामका लागि मात्र कूटनीतिक राहदानी जारी गरिने स्पष्ट पार्दै प्रवेशाज्ञा प्राप्तिमा देखिने व्यावहारिक समस्या समाधानका उपाय खोज्नुपर्ने बताए । रासस

# एकैपटक सम्पत्ति शुद्धिकरण र भ्रष्टाचार मुद्दा दायर



**काठमाडौँ ।**
अख्तियार दुरुपयोग अनुसनधान आयोगले भ्रष्टाचार र सम्पत्ति शुद्धिकरण गरेको अभियोगमा पुरातत्व विभागका तत्कालीन सिनियर डिभिजनल इञ्जिनियर पूर्णबहादुर श्रेष्ठ र सहायक पथ प्रदर्शक देउकला अधिकारी विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।
निर्माण सेवाका सञ्चालक तथा सम्वद्ध संयुक्त उपक्रमहरुको बैंक खाताबाट देउकला अधिकारीको नाममा रहेको बैंक खातामा रकम जम्मा गराएको पाइएको छ । आयोगका अनुसार, त्यसरी प्राप्त भएको घुस रकमबाट संयुक्त रुपमा सम्पत्ति खरिद गरेको पाइएको छ ।
निर्माण सेवा प्रालिले एकल वा संयुक्त उपक्रममा समावेश भई विभागले गरेको ठेक्का सम्झौता मध्ये कुल रु ६४ करोड २१ लाख ८९ हजार बराबरको ठेक्कामा रु चार करोड २२ लाख ७५ हजार, नौ सय ८५ बराबरको रकम घुस लिएको आयोगको आरोप छ ।
भ्रष्टाचार गरेर आर्जन गरेको रकमबाट आपसी मिलेमतो र योजनामा जग्गा एवम् सुन खरिद गरेको तथा विभिन्न व्यक्तिलाई भुक्तानी समेत गरेको पाइएको आयोगले जनाएको छ ।
गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति लुकाउने रुपान्तरण तथा हस्तान्तरण गर्ने गराउने कार्य गैरकानुनी कार्य भएको ठहर गरिएको छ ।
पूरातत्व विभागका तत्कालीन सिनियर डिभिजनल इञ्जिनियर श्रेष्ठ र सहायक पथप्रदर्शक अधिकारी विरुद्ध समान रु चार करोड २२ लाख ७५ हजार नौ सय ८५ बराबरको बिगो दावी गर्दै मुद्दा दायर गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए । रासस

# पातिखोला गुफाको संरक्षण गर्न पूर्वाधार निर्माण गरिँदै

**कास्की ।**
कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिकामा पर्ने पौराणिक तथा ऐतिहासिक पातिखोला (गुप्तकालिका) गुफाको संरक्षण र पूर्वाधार निर्माणका लागि पहल सुरु भएको छ । माछापुच्छ्रे गाउँपालिका–४ र ५ को सिमानामा समुद्री सतहबाट एक हजार १०० मिटर उचाइमा रहेको यस गुफा संरक्षणका लागि संरक्षण समिति गठन गरेर काम अघि बढाइएको हो । गुफा ५५ मिटर लामो रहेको छ । पातिखोला गुफा संरक्षण समितिका सचिव रुद्रनाथ अधिकारीले ऐतिहासिक दृष्टिकोणमा यो गुफाको महत्व रहे पनि प्रचारप्रसारको अभावका कारण ओझेलमा परेको बताए ।



उनका अनुसार गुफाबारे विभिन्न किम्वदन्ती पाइन्छ । देवी भगवतीले भैरवलाई संरक्षण गरेर राखेको किम्वदन्ती अनुसार हाल गुफा परिसरमा देवी र भैरवको मूर्ती राखेर पूजाआजा हुँदै आएको छ । अधिकारीका अनुसार पौराणिक रुपमा गुफामा देवीले तपस्या गरेको किम्वदन्ती छ । सो स्थानमा देवी र भैरवबीच लामो समय द्वन्द्व चलिरहँदा देवी अचानक सो पातीखोला गुफामा तपस्या गर्न जाँदा भैरव देवीको पिछा गर्दै जाने क्रममा देवी भक्त हनुमान सो गुफाको द्वारपाल भएर बसेका बेला हनुमान र भैरवबीच लडाईं भएपछि देवी गुफाबाट निस्केर भैरवको शीर छेदन गरेको र पछि भैरवले आफूले गल्ती गरेको भन्दै माफी मागेर आफूलाई देवीसँगै राख्न अनुनय विनय गरेपछि देवीले भैरवलाई संरक्षण गरेको किम्वदन्ती पाइन्छ ।
जसअनुसार नै स्थानीयले गुफा परिसरमा देवी र भैरवको मूर्ति राखेर हालसम्म पूजा गर्दै आएका छन्, सचिव अधिकारीले भने । ऐतिहासिक तथा सांस्कृतिक इतिहास बोकेको पातिखोला गुफाको प्रचारप्रसारसँगै धार्मिक क्षेत्र पूर्वाधार विकासमा लागि पाँच करोडको गुरुयोजना बनाइएको पातिखोला गुफा संरक्षण समितिका अध्यक्ष अ क्या डम्बरसिंह गुरुङले जानकारी दिए ।
उनका अनुसार गण्डकी प्रदेश सरकारको रु ४० लाख लागतमा गुफा परिसरको भिरालो जमिन सम्याउने र वरपर पर्खाल लगाउने काम सकिएको छ । अन्य बाँकी कामका लागि बजेट अभाव भएकाले आगामी वैशाख १७ देखि २४ गतेसम्म जोगिचौर मणि परिसरमा महायज्ञ गर्न लागिएको उनले जानकारी
दिए ।
अध्यक्ष गुरुङले भने, विगतमा यस ठाउँमा वर्षमा तीन पटक मेला लाग्ने गर्थो । हाल यो मेलाले निरन्तरता पाएको छैन । यस ठाउँमा पूर्वाधार विकास गरी व्यवस्थित बनाई मेलालाई पुनः निरन्तरता दिने र स्थानको ऐतिहासिकता र धार्मिक महत्वलाई अझ राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा चिनाउने लक्ष्य राखेका छौँ ।
पातिखोलमा विगतमा माघेसङ्क्रान्ति, श्री पञ्चमी र चैते दसैँमा गरी वर्षको तीन पटक कृषि व्यापारी, स्थानीय उत्पादनको बिक्री, विभिन्न परिकारका मिष्टान्न भोजनसहितको महोत्सव हुने गरेको स्थानीयको भनाइ छ । महायज्ञबाट करिब दुई करोड आर्थिक सङ्कलन गर्ने लक्ष्य लिएको र उक्त महायज्ञमा पण्डित दीपकप्रसाद पौडेलको प्रवचन गर्ने प्रचारप्रसार उपसमिति संयोजक यामबहादुर गुरुङले जानकारी दिए ।
माछापुच्छ्रे–४ का वडाध्यक्ष मधुसूदन अधिकारीले ऐतिहासिक तथा धार्मिक रूपमा परिचित यस स्थानमा हुन लागेको महायज्ञलाई सफल बनाउनका लागि तयारीलाई तीव्र पारिएको बताए । पोखराको टुँडिखेल बगरबाट १० किलोमिटर उत्तर पश्चिमतर्फ करिब आधा घण्टाको यात्रामा पातिखोला गुफा पुग्न सकिन्छ । रासस

# गहुँका नल सफाइ गर्दा खेतबारीमा आगो नलगाउन आग्रह



**कैलाली ।**
कैलालीका स्थानीय पालिकाहरूले खेतबारीमा आगो नलगाउन नागरिकलाई अनुरोध गरेका छन् । पालिकाहरूले किसानले गहुँ बाली भित्र्याइसकेपछि खेत सरसफाइ गर्ने जनाउँदै आगो लगाउने कार्य नगर्न सूचना गरेर अनुरोध गरेका छन् । खेतबारीमा आगो लगाउँदा माटो सुरक्षामा असर पर्ने, वातावरण प्रदूषित हुनुका साथै बस्तीमा आगलागीको जोखिम बढ्ने भएकाले आगो नलगाउन सूचना गरेका हुन् ।
सुदूरपश्चिमका कैलाली र कञ्चनपुरमा किसानले गहुँ भित्र्याउने काम सकिएको छ । बारीमा रहेका गहुँका नल सफाइ गर्न किसानले खेतबारीमा आगो लगाउँदा धनजनको क्षतिका घटना हुने भएकाले सचेत हुन कैलालीको जानकी गाउँपालिकाले आग्रह गरेको छ ।
गाउँपालिकाले गहुँ बाली भित्र्याउने क्रममा निस्किएको नल–भुसा खेतमा नजलाई गौशालामा रहेका गाईवस्तुको आहाराका लागि निःशुल्क उपलब्ध गराइदिन अनुरोध गरेको विपद् सम्पर्क व्यक्ति नेत्रप्रसाद जैसीले जानकारी दिए । टीकापुर नगरपालिका–२ मा रहेको गौशालामा जानकी गाउँपालिका र टीकापुर नगरपालिका क्षेत्रका छाडा वस्तुभाउ राख्ने गरिएको छ । गौशालामा रहेका गाईवस्तुलाई आहारा अभाव भएका बेला किसानले खेतबारीमा आगो लगाएर आहारा नष्ट गर्नुभन्दा पशुलाई उपलब्ध गराउनु असल कर्म हुने जानकी–४ का रतन धामीको भनाइ छ ।
जोशीपुर गाउँपालिकाले खेतमा आगो लगाउँदा मानव बस्ती आगलागीजन्य घटना बढेकाले आगो नलगाउन आह्वान गरेको छ । आगो लगाउँदा सुक्ष्म जीवहरू मर्न गई माटोका उर्वराशक्ति ह्रास हुन्छ, माटोको भौतिक, जैविक र रासायनिक गुण बिग्रन्छ’, गाउँपालिकाका कृषि अधिकृत सञ्जय चौधरी भन्छन्, वातावरण प्रदूषण हुने, पशु आहारामा कमी हुने हुँदा भुसा सङ्कलन गरी पालिकाले सञ्चालन गरेको गौशालामा बिक्री गरी सघाउन अनुरोध गरेका छौँ ।
पालिकाले गहुँको भुसाको मूल्य तोकेर बिक्री गर्ने किसानलाई पालिकामा आवेदन दिन सूचना गरेको छ । पालिकाले किसानको भुसा पशुको आहाराका लागि खरिद गर्ने भएको छ । पालिकाले तोकेको मूल्यअनुसार प्रतिट्रली भुसा रु तीन हजार ७००, प्रतिडनलप रु दुई हजार ५०० तोकेको छ । किसानको भुसा पालिकाले खरिद गर्ने, बिक्री गर्ने किसानले जोशीपुर–३ बञ्जरियामा रहेको काञ्जी हाउसमा पुर्याउनुपर्ने जनाएको छ ।
यसैगरी टीकापुर नगरपालिकाले पनि खेतबारी आगो नलगाउन आग्रह गरेको छ । गहुँ बारीमा लगाएको आगोले खतरा भएका यसअघिका घटनाले पनि सचेत गराएकाले आफूहरूले पछिल्ला केही वर्षयता आगो नलगाउन सचेत गराउने गरेको वन वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख निर्मला चौधरीले बताए । खेत सफा गर्ने भनी आगो लगाउँदा कहिलेकाहीँ घर तथा बस्तीमा आगलागी भइदिन्छ, उनले भने, हामीसँग एकमात्र दमकल छ, जनशक्ति पनि पर्याप्त छैन, खेतमा लगाएको आगो निभाउन दमकल पठाउनुपर्ने बाध्यता हुन्छ ।
सुदूरपश्चिमको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले समेत माटो सुरक्षाका लागि भए पनि खेतबारीमा आगो नलगाउन आग्रह गरेको छ । बाली विकास अधिकृत गिरिशराज जोशीले आगो लगाउँदा प्रदूषण बढ्नुका साथै माटोमा भएका मित्र कीराहरू पनि मर्ने भएकाले फाइदा नहुने बताए । खेतबारीमा आगो लगाउनुका सट्टा जोतेर पल्टाइदिएमा गलेर मल बन्, उनले भने, मलको समस्या टार्नका लागि यतिबेला बाँझो जमिनमा ढैचा खेती गरेर हरियो मलका रूपमा प्रयोग गर्न सकिन्छ ।
गत वर्षबाट किसानलाई सचेत गराएका कारण यस वर्षको अहिलेसम्म टीकापुरमा तीनवटा मात्र आगलागीका घटना भएका छन् । गत वर्ष यो सिजनमा १२ वटा आगलागीका घटना भएका थिए । टीकापुरको दमकलले यहाँका पालिका जानकी, जोशीपुर गाउँपालिका, भजनी नगरपालिका र बर्दियाको राजापुर नगरपालिकासम्म आगो निभाउन सेवा दिनुपरिरहेको छ । यस वर्ष भजनीमा दमकल ल्याएपछि केही राहत भएको छ । गर्मीका समयमा मानिसको सानासाना लापरवाहीले आगलागीका घटना हुने गरेका छन् । रासस

# ट्राफिक प्रहरीद्वारा २४ घण्टामा २३ लाख २० हजार राजस्व सङ्कलन

**काठमाडौँ ।**
काठमाडौँ उपत्यकामा ट्राफिक नियम उल्लङ्घन गर्ने सवारी चालकहरूमाथि कडाइ गर्दै ट्राफिक प्रहरीले पछिल्लो २४ घण्टामा २३ लाख २० हजार राजस्व सङ्कलन गरेको छ ।
उपत्यकामा पछिल्लो समय बढ्दो सवारी चाप, अव्यवस्थित यातायात र दुर्घटनाको जोखिमलाई मध्यनजर गर्दै विशेष अभियान सञ्चालन गरिँदा यस्तो उल्लेखनीय परिणाम देखिएको जनाएको छ ।
काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार पछिल्लो चौबिस घण्टामा उपत्यकाका विभिन्न स्थानहरूमा व्यापक चेकजाँच सञ्चालन गरी उक्त अवधिमा ट्राफिक नियम उल्लङ्घन गर्ने कूल दुई हजार ६४० जना चालकलाई कारबाही गरिएको छ ।
कारबाहीमा परेकामध्ये मादक पदार्थ सेवन गरेर सवारी चलाउने १०१ जना, सवारीसाधनको अवस्था ठीक नभएका ३९ जना, रातो बत्ती उल्लङ्घन गर्ने १८० जना, तीव्र गतिमा सवारी चलाउने ८७ जना, लेन मिच्ने २७६ जना, ढोका खुल्ला राखेर सवारी चलाउने ८२ जना, हर्न निषेधित क्षेत्रमा हर्न बजाउने ५२ जना, यात्रु चढाउने–ओराल्ने नियम उल्लङ्घन गर्ने ५५ जना तथा अन्य विभिन्न कसुरमा एक हजार ७९० जना रहेका काठमाडौँ उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले राससलाई जानकारी दिए ।
हाम्रो अभियानको मुख्य उद्देश्य कारबाही गर्नु अनि राजस्व सङ्कलन गर्नु मात्र नभई सवारी दुर्घटना न्यूनीकरण गर्नु हो”, उनले भने, “हामीले चौबिसैँ घण्टा चेकिङलाई तीव्र बनाएका छौँ । नियम उल्लङ्घन गर्नेहरूमाथि कडाइका साथ कारबाही गर्नुका साथै चालक र सर्वसाधारणलाई नियम पालनाबारे जानकारी दिनु पनि हाम्रो प्राथमिकता हो ।



पछिल्लो समय सवारी दुर्घटनाका घटनाहरू बढ्दै गएकाले ट्राफिक प्रहरीले ‘सेफ ड्राइभिङ’ अभियानलाई अझ प्रभावकारी बनाएको र यसअन्तर्गत मुख्य चोक, व्यस्त सडकखण्ड तथा दुर्घटना सम्भावित क्षेत्रहरूमा विशेष निगरानी बढाइएको जनाएको छ । काठमाडौँ उपत्यकामा रहेका स्कुल, कलेज तथा सार्वजनिक स्थानमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी सुरक्षित यातायात संस्कृतिको विकास गर्न प्रयास भइरहेको ट्राफिक प्रहरी प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए ।
ट्राफिक प्रहरीले चालकहरूलाई मादक पदार्थ सेवन नगरी सवारी चलाउन, तोकिएको गति सीमा पालना गर्न, लेन अनुशासन कायम गर्न तथा ट्राफिक सङ्केतहरूको सम्मान गर्नसमेत आग्रह गरेको छ । नियम उल्लङ्घनले व्यक्तिगत मात्र होइन, सार्वजनिक सुरक्षामा समेत गम्भीर असर पार्ने भएकाले सबैलाई जिम्मेवार बन्नुपर्नेमा जोड दिइएको छ । ट्राफिक प्रहरीले आगामी दिनमा पनि यस्ता अभियानलाई निरन्तरता दिने जनाएको छ । साथै, प्रविधिको प्रयोग बढाउँदै स्मार्ट ट्राफिक व्यवस्थापन प्रणाली लागू गर्ने तयारीसमेत भइरहेकाले उपत्यकाको यातायात व्यवस्थापनलाई थप व्यवस्थित र सुरक्षित बन्ने अपेक्षा गरिएको ट्राफिक प्रहरी प्रमुख अधिकारीले बताए । रासस

# फैसला कार्यान्वयनका लागि ५८० जना पक्राउ

**चितवन ।**
जिल्ला अदालतबाट फैसला भई फरार रहेका ५८० जनालाई पक्राउ गरिएको छ । उनीहरुलाई जिल्ला विभिन्न ठाउँबाट पक्राउ गरिएको हो । फैसला कार्यान्वयनका लागि पक्राउ परेकाहरुबाट १०१ वर्ष १० महिना १९ दिन कैद भुक्तान गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रविन्द्र खनालले जानकारी दिए । उनीहरूबाट रु पाँच करोड ३६ लाख ५४ हजार १७ जरिवाना असुल गरिएको उनले बताए ।
सूचना अधिकारी खनालका अनुसार फैसला कार्यान्वयनका लागि जिल्ला प्रहरी




कार्यालयसहित विभिन्न निकायको सक्रियता आवश्यक छ । उनले भने, फैसला कार्यान्वयनका लागि प्रहरीले सादा पोसाक र बर्दिमा प्रहरी परिचालन गरिएको छ । गत आवमा फैसला कार्यान्वयनका लागि ५८३ जना पक्राउ परेका थिए । उनीहरुबाट १२७ वर्ष छ महिना तीन दिन कैद भुक्तान भएको थियो । पक्राउ परेका उनीहरुले रु दुई करोड ५८ लाख ७९ हजार ४१९ जरिवाना भुक्तान गरेका थिए । फैसला कार्यान्वयनका क्रममा जिल्ला बाहिर कैद तथा जरिवाना भुक्तान गर्नुपर्नेहरुलाई पक्राउ गरिएको सूचना अधिकारी खनालले जानकारी दिए । कार्यालयले चालु आवमा ५३ सवारी चालकले लागुऔषध सेवन गरेर सवारी चलाएको पाइएको उहाँले जानकारी दिए । रासस

# जनकपुर–अयोध्या हवाई सेवा र कृषि उद्योग विस्तारका लागि पहल



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा निर्वाचन क्षेत्र नम्बर ३ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य मनिष झाले जनकपुरधाममा वीरेन्द्र बहादुर बस्नेतसँग भेटवार्ता गर्दै क्षेत्रीय हवाई सेवा विस्तार र कृषि क्षेत्रमा निजी लगानीका विषयमा महत्वपूर्ण छलफल गरेका छन् ।
भेटमा सांसद झाले जनकपुरधाम–अयोध्या बीच प्रत्यक्ष हवाई सेवा सञ्चालनको आवश्यकता औंल्याउँदै धार्मिक पर्यटन प्रवद्र्धनका लागि यसलाई प्राथमिकतामा राख्नुपर्ने बताएका छन् । रामायण सर्किट अन्तर्गत पर्ने यी दुई धार्मिक शहरबीच हरेक वर्ष हजारौं श्रद्धालु आवतजावत गर्ने भए पनि सहज यातायात अभावका कारण यात्रुहरूले सास्ती खेप्नुपरेको उनले उल्लेख गरे ।
जनकपुरस्थित जनक मन्दिर र अयोध्यास्थित राम मन्दिरबीचको धार्मिक सम्बन्धलाई हवाई सेवामार्फत जोड्न सके पर्यटनसँगै स्थानीय अर्थतन्त्र चलायमान बन्ने विश्वास व्यक्त गरिएको छ ।
छलफलका क्रममा बस्नेतले सम्भावित हवाई सेवा सञ्चालनका लागि आवश्यक प्राविधिक, व्यावसायिक तथा नीतिगत पक्षहरूको अध्ययन गर्न सकिने बताएका छन् । माग र सम्भावनाको आधारमा निजी क्षेत्र सक्रिय हुन तयार रहेको उनको धारणा थियो ।
यस्तै, भेटमा कृषि क्षेत्रमा निजी लगानी विस्तार गर्ने विषय पनि प्राथमिकतामा परेको थियो । सांसद झाले मधेश प्रदेश कृषि उत्पादनमा सम्भावनायुक्त भए पनि प्रशोधन उद्योगको अभावले किसानले उचित मूल्य नपाइरहेको बताए ।
कोशी प्रदेशमा सञ्चालित ‘आरजु राइस मिल’को उदाहरण दिँदै मधेशमा पनि आधुनिक कृषि उद्यम स्थापना गर्न सकिने विषयमा सैद्धान्तिक सहमति भएको जनाइएको छ । धान, गहुँलगायतका उत्पादनसँगै प्रशोधन उद्योग जोड्न सके किसानको आम्दानी वृद्धि हुनुका साथै रोजगारी सिर्जना हुने अपेक्षा गरिएको छ ।
यो भेटवार्तालाई मधेश प्रदेशको आर्थिक, पर्यटन तथा पूर्वाधार विकासका लागि सकारात्मक पहलका रूपमा हेरिएको छ । जनकपुर–अयोध्या हवाई सेवा सञ्चालन र कृषि उद्योग विस्तारसम्बन्धी विषयमा आगामी दिनमा थप ठोस निर्णय र कार्यान्वयन प्रक्रिया अघि बढ्ने विश्वास गरिएको छ ।

## सरकारी विज्ञापन नीतिविरुद्ध महासंघको आपत्तिः
# मुख्यमन्त्रीलाई बुझाइयो ज्ञापनपत्र



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल पत्रकार महासंघको केन्द्रीय समितिको परिपत्रअनुसार मधेश प्रदेश समितिले सरकारी विज्ञापन नीतिविरुद्ध मुख्यमन्त्री कृष्ण प्रसाद यादवलाई ज्ञापनपत्र बुझाएको छ । प्रदेश सचिव हृदिश खुद्दारको नेतृत्वमा गएको टोलीले मुख्यमन्त्री कार्यालय पुगेर उक्त ज्ञापनपत्र हस्तान्तरण गरेको हो ।
महासंघले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सचिवस्तरमा जारी गरिएको परिपत्रप्रति गम्भीर आपत्ति जनाएको छ । सो परिपत्रमार्फत संघीय मन्त्रालय, आयोग, सचिवालय, प्रदेश तथा स्थानीय तहलाई सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममार्फत मात्र प्रकाशन तथा प्रसारण गर्न निर्देशन दिइएको छ ।
महासंघका अनुसार विज्ञापन क्षेत्रमा देखिएका बेथितिहरू नियन्त्रण गर्ने प्रयास सकारात्मक भए पनि त्यसकै नाममा विज्ञापनलाई सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्ने नीति संविधान, प्रचलित कानुन, अन्तर्राष्ट्रिय मान्यता, खुला बजार अर्थतन्त्र तथा संघीयताको मर्मविपरीत छ । यस्तो व्यवस्थाले प्रेस स्वतन्त्रतामाथि अप्रत्यक्ष नियन्त्रण गर्न खोजिएको महासंघको आरोप छ ।
ज्ञापनपत्रमा उल्लेख गरिएअनुसार उक्त नीतिले निजी सञ्चारमाध्यमलाई आर्थिक रूपमा कमजोर बनाउने जोखिम बढाएको छ । देशभर सञ्चालनमा रहेका चार सयभन्दा बढी रेडियो, पत्रपत्रिका, टेलिभिजन तथा अनलाइन मिडियाको आर्थिक आधार प्रभावित हुने र यसले हजारौँ पत्रकार तथा सञ्चारकर्मीको रोजगारी संकटमा पार्न सक्ने चेतावनी महासंघले दिएको छ ।
दुर्गम क्षेत्रसम्म सूचना प्रवाहमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका स्थानीय सञ्चारमाध्यमहरू बन्द हुने अवस्था आए नागरिकको सूचनाको हक कुण्ठित हुने र लोकतान्त्रिक अभ्यासमा समेत असर पर्ने महासंघको भनाइ छ ।
महासंघले विज्ञापन वितरण प्रणालीलाई पारदर्शी, समावेशी तथा समानुपातिक बनाउन माग गर्दै संविधानविपरीतको निर्देशन अस्वीकार गर्न प्रदेश र स्थानीय सरकारलाई आह्वान गरेको छ । माग पूरा नभए थप आन्दोलनका कार्यक्रम अघि बढाउने चेतावनीसमेत दिइएको छ । ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री यादवले मधेश प्रदेश सरकार मिडियामैत्री रहेको उल्लेख गर्दै विषयलाई मन्त्रिपरिषद्मा छलफल गरी आवश्यक निर्णय लिने आश्वासन दिएका छन् ।
ज्ञापनपत्र बुझाउन महासंघका केन्द्रीय सदस्य राजेश कर्ण, जिल्ला अध्यक्ष पुरण साह, उपाध्यक्ष अवधेश कामत, वरिष्ठ पत्रकार रामभरत साह, कैलास दास, प्रविण साह, अर्जुन मण्डल, नविण सिंह र भगलु मण्डललगायतको सहभागिता रहेको थियो ।

# सीमामा कडाइप्रति ठाकुरले संसदीय समितिमै जनाए आपत्ति



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जसपा नेपालका संरक्षक तथा सांसद महन्थ ठाकुरले नेपाल–भारत सीमा क्षेत्रमा पछिल्लो समय सरकारले लागू गरेको कडाइप्रति कडा आपत्ति जनाएका छन् । उनले उक्त कदमले मधेस र सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नागरिकको दैनिक जीवन नै प्रभावित भएको बताएका छन् । राष्ट्रियसभाअन्तर्गतको ‘विकास, आर्थिक मामिला तथा सुशासन समिति’को बैठकमा बोल्दै ठाकुरले सीमा क्षेत्रमा गरिएको कडा निगरानी र जाँचका कारण सर्वसाधारणले अनावश्यक दुःख झेल्नुपरेको उल्लेख गरे । उनले नेपाल–भारतबीचको खुला सीमा र ऐतिहासिक रूपमा कायम रहेको सामाजिक तथा सांस्कृतिक सम्बन्धलाई ध्यानमा राख्दै सुरक्षा व्यवस्थापन गर्नुपर्नेमा जोड दिए ।
ठाकुरका अनुसार सीमावर्ती क्षेत्रका नागरिकको दैनिकी पारिपट्टिको बजारसँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ । दैनिक उपभोग्य वस्तु किनमेल, पारिवारिक सम्बन्ध तथा सामान्य आवतजावतका लागि सीमा वारपार गर्ने नागरिकलाई अहिले सुरक्षाकर्मीले कठोर व्यवहार गरिरहेको गुनासो उनले राखे ।
उनले स्पष्ट रूपमा भने कि सुरक्षा जाँच आवश्यक भए पनि त्यसको नाममा सर्वसाधारणलाई ‘अपराधीझैँ’ व्यवहार गर्नु स्वीकार्य हुन सक्दैन । ‘सीमा व्यवस्थापन व्यवस्थित हुनुपर्छ, तर जनतालाई दुःख दिने ढंगले होइन,’ भन्ने उनको धारणा थियो ।
सरकारलाई उनले तत्काल सीमा क्षेत्रमा भइरहेको कडाइ पुनरावलोकन गर्न, अनावश्यक सास्ती रोक्न र सहज आवतजावतको वातावरण बनाउन आग्रह गरेका छन् । साथै, आगामी आर्थिक वर्षको बजेटमा मधेस क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने माग पनि उनले दोहो¥याए ।
ठाकुरको यो अभिव्यक्तिले सीमा व्यवस्थापन, सुरक्षा र नागरिक सहजताबीच सन्तुलन कसरी कायम गर्ने भन्ने बहसलाई फेरि एकपटक सतहमा ल्याएको छ ।

# गुठीको अतिक्रमित जग्गा खाली गराउन र मन्दिर वरपर मदिरा–मासु पसल बन्द गर्न माग



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
हिन्दू सम्राट सेना धनुषा शाखाले गुठी अन्तर्गतका अतिक्रमित जग्गा खाली गराउन तथा मठमन्दिर आसपास सञ्चालनमा रहेका मासु र मदिरा पसलहरू बन्द गर्न माग गर्दै प्रदेश सरकारसमक्ष ज्ञापनपत्र बुझाएको छ ।
संस्थाका प्रतिनिधिहरूले प्रदेशका गृहमन्त्री फकिरा महतोलाई ज्ञापनपत्र बुझाउँदै धार्मिक तथा सांस्कृतिक सम्पदामाथि बढ्दो अतिक्रमणले परम्परा, आस्था र सामाजिक वातावरणमा नकारात्मक असर परेको बताएका छन् । उनीहरूले गुठी अन्तर्गतका जग्गाहरूको संरक्षण सुनिश्चित गर्दै तत्काल अतिक्रमण हटाउन र धार्मिक स्थल वरपर सञ्चालन भइरहेका गतिविधिलाई व्यवस्थित गर्न माग गरेका छन् । विशेषगरी मठमन्दिर आसपासका क्षेत्रमा मदिरा तथा मासु बिक्रीजस्ता गतिविधि नियन्त्रण गर्नुपर्नेमा जोड दिएका छन् ।
ज्ञापनपत्र ग्रहण गर्दै गृहमन्त्री महतोले उठाइएका विषयलाई गम्भीर रूपमा लिएको जनाउँदै सरोकारवाला निकायसँग समन्वय गरी आवश्यक निर्णय लिने प्रतिबद्धता व्यक्त गरेका छन् । उनका अनुसार जनकपुरधाम उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय धनुषा तथा अन्य सम्बन्धित निकायसँग छलफल गरी कार्यान्वयन प्रक्रिया अघि बढाइनेछ ।
धार्मिक महत्वका क्षेत्रहरूको संरक्षणका लागि स्थानीय तहमा कडाइ आवश्यक रहेको भन्दै विभिन्न सामाजिक तथा धार्मिक संघसंस्थाहरूले समेत यस विषयमा चासो व्यक्त गरेका छन् ।


## मधेशमा स्वास्थ्य, शिक्षा र पोषण सूचक चिन्ताजनक,
# सूचना प्रविधिमा सुधार



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा सार्वजनिक गरिएको नेपाल बहुसूचक सर्वेक्षण २०८१/८२ को प्रतिवेदनले मधेश प्रदेशको सामाजिक, स्वास्थ्य, शिक्षा तथा पूर्वाधारका विभिन्न सूचकहरूमा मिश्रित अवस्था देखाएको छ । जनकपुरधाममा सम्पन्न भएको प्रदेशस्तरीय नतिजा सार्वजनिक कार्यक्रममा सो तथ्यांक सार्वजनिक गरिएको हो ।
प्रतिवेदनअनुसार सूचना तथा सञ्चार प्रविधिको पहुँच मधेशमा उल्लेख्य देखिए पनि अझै राष्ट्रिय औसतभन्दा केही कम छ । प्रदेशका करिब ७८.९ प्रतिशत घरपरिवारमा इन्टरनेट सुविधा पुगेको छ भने १५–४९ वर्ष उमेर समूहका ७४.२ प्रतिशत व्यक्तिसँग आफ्नै मोबाइल फोन रहेको छ ।
स्वास्थ्यतर्फ प्रजनन दर मधेशमा राष्ट्रिय औसतभन्दा बढी रहेको पाइएको छ । नेपालमा प्रति महिलाको कुल प्रजनन दर १.९ रहेकोमा मधेशमा यो दर २.४ पुगेको छ । किशोरी प्रजनन दर पनि मधेशमा उच्च प्रति १००० मा ७१ देखिएको छ । यस्तै, १८ वर्षअघि नै सन्तान जन्माउने महिलाको दर ११.२ प्रतिशत रहेको छ ।
परिवार नियोजन प्रयोग गर्ने विवाहित महिलाको दर मधेशमा ३५.४ प्रतिशत छ, जुन राष्ट्रिय औसतसँग मिल्दोजुल्दो भए पनि आधुनिक साधन प्रयोग गर्ने दर अझै सन्तोषजनक छैन । मातृ स्वास्थ्य सेवामा पनि चुनौती देखिएको छ—कम्तीमा ४ पटक पूर्वप्रसूति जाँच गराउने महिलाको प्रतिशत मधेशमा ७०.४ मात्रै रहेको छ, जुन राष्ट्रिय औसतभन्दा कम हो ।
बाल स्वास्थ्य र पोषणतर्फ मधेशको अवस्था चिन्ताजनक देखिएको छ । पाँच वर्षमुनिका बालबालिकामध्ये २३.२ प्रतिशत तौल कम र ३१.१ प्रतिशत उचाइ कम (पुड्कोपन) भएका छन् । पूर्ण खोप पाउने बालबालिकाको दर ८७.३ प्रतिशत रहेको छ ।
शिक्षा क्षेत्रमा पनि मधेश पछि परेको देखिन्छ । कक्षा १–५ उमेर समूहका ९.२ प्रतिशत बालबालिका विद्यालय बाहिर छन् भने माध्यमिक तहमा यो दर अझ बढेको छ । प्रारम्भिक कक्षामा समयमै भर्ना हुने बालबालिकाको प्रतिशत पनि मधेशमा २४.२ मात्रै रहेको छ ।
खानेपानी र सरसफाइतर्फ सुधार देखिए पनि गुणस्तरको समस्या कायम छ । ९९ प्रतिशत घरपरिवारले सुधारिएको पानीको स्रोत प्रयोग गरे पनि ६५ प्रतिशत नमूनामा जीवाणु भेटिएको प्रतिवेदनले देखाएको छ । हात धुने सुविधा भएका घरपरिवार ८३.१ प्रतिशत छन् ।
स्वास्थ्य बीमाको पहुँच भने अत्यन्त न्यून रहेको छ । मधेशमा १५–४९ वर्ष उमेर समूहका महिलामध्ये ६.६ प्रतिशत र पुरुषमध्ये ३.९ प्रतिशतले मात्र स्वास्थ्य बीमा गरेका छन् ।
समग्रमा, सर्वेक्षणले मधेश प्रदेशमा सूचना प्रविधि र आधारभूत सेवामा केही प्रगति भए पनि स्वास्थ्य, पोषण, शिक्षा तथा सामाजिक सुरक्षाका क्षेत्रमा अझै सुधारको आवश्यकता रहेको स्पष्ट पारेको छ ।
विज्ञहरूले यी तथ्यांकलाई नीति निर्माण र लक्षित कार्यक्रम सञ्चालनका लागि महत्वपूर्ण आधारका रूपमा उपयोग गर्नुपर्ने बताएका छन् ।

# गर्भपतन गराउने क्रममा मृत्यु प्रकरण
## निजी क्लिनिकका २ चिकित्सक सहित ५ जना पक्राउ

**मधेशदृष्टि**
**बुटवल ।**
गर्भपतन गराउँदा निजी क्लिनिकमा डुलाउँदा डुलाउँदै मृत्यु भएकी बगनासकाली गाउँपालिका–२ पाल्पा स्थायी घर भएकी गीता पाण्डे मृत्यु प्रकरणमा आरोपित दुई चिकित्सकसहित पाँच जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।
प्रमुख आरोपितको रुपमा रहेका खत्री नर्सिङ होम बुटवल इटाभट्टीका सञ्चालक समेत रहेका डा. डिबी खत्री र इन्दु लेखा स्वास्थ्य क्लिनिकका चिकित्सक डा.सतिष रुपाखेतीलाई प्रहरीले मंगलबार साँझ नियन्त्रणमा लिएको हो ।
यसअघि तीन जनालाई प्रहरीले





पक्राउ परिसकेको छ । प्रहरीले इन्दुलेखाका सञ्चालक खगेन्द्रप्रसाद पाण्डेय, सन्ध्या बस्नेत र जोनल फार्मेसीका निलम घर्तीमगरलाई पक्राउ गरेर अनुसन्धान थालेको इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख एवं प्रहरी नायव उपरीक्षक निशान्त श्रीवास्तले जानकारी दिए ।
तिलोत्तमाकी २९ वर्षीया मृतक पाण्डेलाई खत्री नर्सिङ होममा उनका श्रीमान प्रकाश पाण्डेले नियमित चेकजाँच गर्दै आइरहेका थिए । पेटमा १२ हप्ताको गर्भ हुँदा डा. खत्रीले असामान्य छ भनेपछि गर्भपतन गर्न सुझाव दिएका थिए ।
तर, खत्रीले सही उपचारको निकास नदिएर अन्यत्रका क्लिनिकमा पठाएपछि समस्या झन बल्झिँदै गएको पीडित परिवारले जनाएका छन् ।
गर्भपतन गराउनका लागि खत्री नर्सिङ होमले रिफर गरेको जोनल फार्मेसीले १६ हजार रुपैयाँ शुल्क लाग्ने बताएका थिए । अवैध रुपमा गर्भपतन गराउने र पैसा असुल्ने गिरोहले अनाहकमै महिलाहरुले ज्यान गुमाउनु परेको पीडितहरुले बताएका छन् ।

# कक्षा १२ को परीक्षा वैशाख १४ गतेदेखि



**मधेशदृष्टि**
**वीरगंज ।**
कक्षा १२ को परीक्षा वैशाख १४ गते सोमबारदेखि सुरु हुने भएको छ । देशभरका ७७ वटै जिल्लामा सञ्चालन हुने उक्त परीक्षामा कूल ४ लाख १८ हजार ८ जना परीक्षार्थी सहभागी हुने राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ । बोर्डका अनुसार नियमिततर्फ ३ लाख ३२ हजार १७८ र आंशिकतर्फ ८५ हजार ८३० जना विद्यार्थी सहभागी हुनेछन् ।
२०७९ साल यताका विद्यार्थी आंशिक परीक्षामा सहभागी हुने व्यवस्था गरिएको छ । गत वर्षको तुलनामा परीक्षार्थी संख्या घटेपछि परीक्षा केन्द्रको संख्या पनि कम गरिएको परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले जानकारी दिए । यस वर्ष देशभर १ हजार ४२१ वटा परीक्षा केन्द्र तोकिएको छ । गत वर्ष ५ लाख ११ हजार ५२५ परीक्षार्थी सहभागी भएका थिए ।
उत्तरपुस्तिकासहित आवश्यक परीक्षा सामग्री सम्बन्धित केन्द्रहरूमा पठाइसकिएको परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ । परीक्षा सञ्चालन हुने दिन बोर्डबाट अनलाइनमार्फत पठाइएका प्रश्नपत्र सम्बन्धित केन्द्रमै प्रिन्ट गरी परीक्षार्थीलाई वितरण गरिने व्यवस्था गरिएको छ । केन्द्राध्यक्ष तथा खटिएका सुरक्षाकर्मीको रोहबरमा प्रश्नपत्र छपाइ गरी वितरण गरिनेछ ।
वैशाख २७ गतेसम्म सञ्चालन हुने परीक्षाको उत्तरपुस्तिका परीक्षण गत वर्षझैँ बोर्डले तोकेका परीक्षण केन्द्रहरूमा गरिनेछ । यसरी परीक्षण सम्पन्न भएपछि करिब तीन महिनाभित्र नतिजा प्रकाशन गर्ने लक्ष्य राखिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन